का.जि.प्र.का.द.नं. १००/०५९/६०

❒ वर्ष १९, अंक २१२
❒ ३१ भदौ २०७८, बिहीबार
❒ 16 September 2021, Thursday
www.madhyanhadaily.com

पृष्ठ १२ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

मध्यान्ह राष्ट्रिय दैनिक पत्रिका अनलाइनमा पढनका लागि QR कोड स्क्यान गर्नुहोला ।

## मेलम्चीझैँ बगिरहेछ ङाजुको आँसु...

**नारायण ढुंगाना/रासस**
हेलम्बु, ३० भदौ ।

हेलम्बु डाँडाको फेदमा कच्ची सडक छेउ बस्ने ५२ वर्षीया ङाजु तामाङका आँखा हेलम्बु पहाडझैँ रसाइरहन्छन् । मेलम्ची पहाड यो बर्खा निकै रसायो । थान्किएजस्तो अझै देखिँदैन, चिस्यान बगिरहेकै छ । त्यही पहाडको रसायनले कमेरे माटोको लेदो बोकेर बगेजस्तै ङाजुका आँखा रसाइरहन्छन् । हेलम्बु पहाडले जस्तो ङाजुका आँसुले कसैको बित्याँस पारेको भने छैन । बरु दिनदिनै आफ्नै आँत भने सुकाएको छ ।



करिब सय मिटर तल मेलम्ची बगिरहेको छ । यसो हेर्दा लाग्छ मेलम्ची रिसाएको छ । पहिलेभन्दा फरक रङ तर तेजमा बग्दै छ मेलम्ची । छेउछाउका पहरा, लहरा, झार, बुट्यान अनि गगानका लेदा मात्र होइन मेलम्चीले वरपरका घरबस्ती र मानिसलाई नै आफैसँग लगेर गयो यसले । हेलम्बु पहाड फेदमा रहेको गणेशबगरको सिङ्गो बस्ती मेलम्चीले आफूसँगै कहाँ पुऱ्यायो कुनै अत्तोपत्तो छैन । करिब ४३ घरको त्यो बस्ती एकै मेसोमा बगर बने । अहिले त्यहाँ एकाध घरका अवशेष देखिन्छन्, तर बस्ती बगरमा परिणत भएको छ ।

बगरबीचमा ढलेर आधा पुरिएको पहेँलो रङको घर ङाजुको थियो । घर पुरेको महिना दिन बढी बितिसकेको छ तर उहाँ त्यो घर ठाडिइहाल्छ कि भन्ने आशले हरेक दिन त्यही ढिस्कोमा हेर्न पुग्नुहुन्छ । ढलेको घर के उठ्थ्यो ? उठ्दैन । उनको मनले पत्याउन भने मानेको छैन ।

बाँकी पृष्ठ २ मा

# सत्ता साझेदारबीच समस्या





नियुक्त भएको दुई महिना पार भएपनि प्रधानमन्त्री शेरबहादुर देउवाले सरकारलाई पूर्णता दिन नसक्नुमा सत्ता साझेदार दलहरु बीच परस्पर बिपरीत अडान प्रमुख कारण देखिएको छ ।

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, ३० भदौ ।

नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवा प्रधानमन्त्री नियुक्त भएको दुई महिना पूरा भएको छ । प्रधानमन्त्री देउवाले गएको २९ असारमा शपथ लिएका थिए । ७ जेठमा नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले प्रधानमन्त्रीको हैसियतमा प्रतिनिधिसभा दोस्रो पटक विघटन गरेपछि देउवा प्रधानमन्त्री बन्ने बाटो खुलेको थियो । ओलीले संसद् विघटन गर्ने तयारी गरेपछि नेकपा एमालेकै २६ सांसद सहित नेपाली काँग्रेसका ६१, नेकपा माओवादी केन्द्रका ४९, जनता समाजवादी पार्टी (जसपा) का १२ र राष्ट्रिय जनमोर्चाका १ सांसदले देउवालाई समर्थन जनाएका थिए ।

संसद्को बहुमत सांसदले दावी गरेको आधारलाई लिएर सर्वोच्च अदालतले २८ असारमा प्रतिनिधिसभा पुनर्स्थापना गर्दै देउवालाई प्रधानमन्त्री नियुक्त गर्न परमादेश दिएको थियो । तर प्रधानमन्त्री देउवालाई दुई महिनासम्म मन्त्रिपरिषद् बिस्तार गर्न सकेका छैनन् । यसअघि संसदमा बहुमत कायम राख्न मन्त्रिपरिषद् बिस्तार रोकिएको थियो ।

एमाले र जसपाभित्र विवाद थियो । अर्थात् ३ साउनमा संसदबाट विश्वासको मत पाएका देउवा जुनसुकै बेला बहुमत गुमाउन सक्थे । त्यसैले दल विभाजन सम्बन्धी अध्यादेश ल्याएर एमाले विभाजन गरी नेकपा (एकीकृत समाजवादी) र जसपा विभाजन भएर लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) बन्यो । तर अहिले फेरि सत्ता साझेदार दलहरु बीच समस्या देखिएपछि मन्त्रिपरिषद् बिस्तार रोकिएको छ ।

दल विभाजन सम्बन्धी अध्योदश ल्याएर एमाले विभाजन गरिएको भन्दै १५ भदौ अदालतमा मुद्दा दायर गऱ्यो । एकीकृत समाजवादी अहिले अदालतको त्यो मुद्दा पर्खिरहेको छ । तर अदालतले २८ भदौमा सुनुवाइको मिति तोकेपनि हेर्न नभ्याइनेमा राखेको छ । त्यसैले दल विभाजन सम्बन्धी अध्यादेश निष्कृय गर्न एकीकृत समाजवादीले मानिरहेका छैनन् । तर सत्ता साझेदार दल जसपा भने उक्त अध्यादेश निष्कृय बनाउन चाहन्छ । किनकि मन्त्री नपाएको झोंकमा जसपा विभाजन हुन सक्ने अनुमान सहित अध्यक्ष उपेन्द्र यादव अध्यादेश निष्कृय बनाएर मात्रै मन्त्रिपरिषद् बिस्तार गरिनुपर्ने अडान लिएका छन् ।

बाँकी पृष्ठ २ मा

खोपः कोरोनाको पूर्ण रोकथाम होइन, यसले सुरक्षित हुन सघाउने मात्र हो

खोप लगाऔं । अनुशासित जीवनशैली अपनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## अझै टुंगिएन विवाद

**समित श्रेष्ठ/मध्यान्ह**
काठमाडौं, ३० भदौ ।

सत्तारुढ दल नेपाली काँग्रेसले अझै १ जिल्लाको क्रियाशील सदस्यता विवाद टुंगाउन सकेको छैन । क्रियाशील सदस्यता विवादकै कारण काँग्रेसको महाधिवेशन पटकपटक सर्ने र कार्यतालिका प्रभावित हुँदै आएको छ । संवैधानिक सीमाभित्र महाधिवेशन गर्न नसकेको काँग्रेसको वडा अधिवेशन गएको १८ भदौबाट शुरु भएको छ ।

तर क्रियाशील सदस्यता विवाद हल हुन नसक्दा फेरि महाधिवेशन कार्यतालिका प्रभावित बनेको छ । काँग्रेसले आगामी ९-१४ मंसिरमा १४औं महाधिवेशन गर्नेगरी कार्यतालिका बनाएको छ । तर क्रियाशील सदस्यता विवाद हल हुन नसक्दा २७ भदौमा तोकिएको स्थानीय तहको अधिवेशन प्रभावित भइसकेको छ । काँग्रेसले गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिकाको अधिवेशन २७ भदौमा तोकेको थियो । तर क्रियाशील सदस्यता विवाद हल हुन नसक्दा महाधिवेशन कार्यतालिका संशोधन भइसकेको छ ।

अहिलेसम्म काँग्रेसको ५७ जिल्लामा वडा अधिवेशन भएको निर्वाचन समितिले जनाएको छ । थप १० जिल्लाका पार्टीका क्रियाशील सदस्यता

बाँकी पृष्ठ २ मा


## अल ताक्वेतले ल्याएको कतार प्रहरीको माग रद्द

**मदनकुमार श्रेष्ठ/मध्यान्ह**
काठमाडौं, ३० भदौ ।

बहुचर्चित क़तार प्रहरीसंबन्धि माग बिबादमा परेको छ । कतारस्थित नेपाली दूतावासले कतार प्रहरीका लागि पठाएको दुईसय जनाको डिमाण्ड रद्द गरेपछि सो माग नै बिबादमा परेको हो । कतारको आन्तरिक मन्त्रालयले नेपालको अल तौक्वेत ओभरसिज नेपाल प्रालिलाई दुई सय जनाको डिमाण्ड पठाएको थियो । अल ताक्वेतले कामदार भर्ना प्रकृया जारी राखेको अवस्थामा नेपाली दूतावासले कामदार पठाउने तयारी रद्द गर्न विभागलाई पत्र पठाएको हो ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले कतार प्रहरीको डिमाण्ड श्रम संझौता अनुसार प्रमाणीकरण गर्न अनुमति दिएको केही दिनपछि नेपाली दूतावासले अल तैकेत ओभरसिज नेपाल प्रा.लि.ले ल्याएको माग रद्द गरेको हो ।

दूतावासले विभागलाई पठाएको पत्रमा



कतारको आन्तरिक मन्त्रालयले नेपालको अल ताक्वेत ओभरसीज नेपाल प्रा.लि (लाईसेन्स नं २७९/०५८/०५९) मार्फत २ सयजना प्रहरी कर्मचारी लिने गरि पेश गरेकोमा कतारको आन्तरिक मन्त्रालयले अन्यत्रबाट पदपूर्ति भएको उल्लेख छ ।

पत्रमा उल्लेखित भाषामा कतार प्रहरीका लागि नेपालबाट कामदार लैजान प्रकृया रद्द नगरी अल ताक्वेत ओभरसिज नेपाल प्रा.लि.ले ल्याएको माग मात्र रद्द भएको देखिएको छ ।

कतार प्रहरीमा कोरिया र इजरायलमा जस्तै सरकारी स्तरबाट पठाउने चर्चा यसअघि नचलेको होइन । तर सन् २००५ को नेपाल र कतारबीचको द्विपक्षीय श्रम सम्झौतामा नेपाली नागरिकलाई नेपालका निजी क्षेत्रबाट पठाउने उल्लेख छ । कतारले एक वर्षअघि नै करिब १० हजार नेपालीलाई कतार प्रहरीमा भर्ना गर्न चाहेको थियो । तर नेपालबाट प्रष्ट निर्देशन नजाँदा त्यो विषय अन्योलमा परेको थियो ।

सरकारको अनुमति बिना यसअघि गत फागुनमा केही म्यानपावर कम्पनीहरुले ठूलो रकम उठाएर कामदार छनोट गर्न अन्तर्वार्ता गरेको भन्ने विषय सार्वजनिक भएपछि वैदेशिक रोजगार विभागले केही म्यानपावर कम्पनीमा छापा मारी कारबाही गरेको थियो ।

कतार प्रहरी भनेपनि नेपालीले कतारको कोर पुलिस फोर्सको जिम्मेवारीमा काम नगरी सहायक फोर्समा काम गर्ने बताएइको छ । उनीहरुले हतियार बोक्नु पर्ने छैन । कतार प्रहरीमा काम गर्ने नेपालीहरुले मासिक करिब दुई लाख तलव पाउने छन् । उचाई ५ फिट ७ इन्च र उमेर १८ देखि ३५ वर्ष समूहका नेपाली पुरुष कतार प्रहरीमा भर्ना हुन सक्ने व्यवस्था छ ।

**Romania मा रोजगार** | कम्पनी: JORDAN RIVER RECRUITMENT SRL
शहर : BUCURESTI

पूर्व स्वीकृत मिति: २०७६/११/०७ चलानी नं.: ६०१५२०७५ LT. No.: 232530 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब USD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Room Attendant | 20 | 10 | सम्बन्धित काममा दक्ष | 550 | ६४,६७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | General Worker | 20 | 10 | | 550 | ६४,६७५ | | | | | | | |
| 3. | Factory Worker | 20 | 0 | | 550 | ६४,६७५ | | | | | | | |
| 4. | Cleaner | 20 | 20 | | 550 | ६४,६७५ | | | | | | | |
| 5. | Gardener | 10 | 0 | | 550 | ६४,६७५ | | | | | | | |
| 6. | Store Keeper | 10 | 0 | | 550 | ६४,६७५ | | | | | | | |
| 7. | Cook Helper/ Waiter | 20 | 10 | | 550 | ६४,६७५ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ असोज १०, ११ र १२ गते (26, 27 & 28 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. ४०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Global Welfare Hr Solution Pvt. Ltd.**
Govt. Lic. No. 1320/074/075
P.O.Box No.:1166, Samakhusi-26, Kathmandu, Tel: 4388357, 4389246
9803569272, 9803569274, 9803569268, 9803569273,
E-mail: info@globalwelfarehrsolution.com
Web.: globalwelfarehrsolution.com

**आवश्यकता**

यस म्यानपावर कम्पनीका लागि निम्न कर्मचारीहरु आवश्यक भएको हुँदा दक्ष व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क राख्नुहोला ।

डकुमेन्टेशन अफिसर: २ महिला/पुरुष (Bachelor Pass)
डकुमेन्टेशन: २ महिला/पुरुष (+2 Passed)
फ्रन्ट डेक्स अफिसर : २ महिला (+2 Passed)

★ Read, Write and Speak fluent in English. Basic computer knowledge with Photoshop.Minimum 1-3 years experience in Manpower field.

तलब आपसी सहमतिमा

**SAAN NEPAL Pvt.Ltd.**
Gov. Lic. No. 734/064/065
Battisputali-9, Kathmandu, Tel: 014484977
Mobile : 9801088616, Email: managersaan@gmail.com

**वैदेशिक रोजगार विशेष**

## एमाले विभाजनको असर प्रगतिशील रोजगार मञ्चमा पनि

**काठमाडौं/मस–** प्रमुख प्रतिपक्षी दल नेकपा एमाले विभाजन भएको प्रभाव अहिले वैदेशिक रोजगार क्षेत्रमा क्रियाशील निकट संस्था प्रगतिशील वैदेशिक रोजगार मञ्चमा पनि परेको छ ।

सर्वोच्चको फैसला पछि तत्कालिन नेकपा विभाजन हुँदा पनि हुँदा वैदेशिक रोजगार व्यवसायीहरू व्यवसायीका मुद्दामा लड्ने भन्दै मञ्चको ब्यानरमा एकैठाउँमा बसेका थिए ।

त्यतिबेला एमाले मात्र होइन, नेकपा माओवादी (केन्द्र) निकट नेपाल वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्चमा आवद्ध व्यवसायीहरुले पनि विचार मिल्ने कम्युनिष्ट पार्टीबीच एकताको अपरिहार्यता भन्दै आफूहरु सँगसँगै रहने बताउने गरेका थिए । तर अहिले नेकपा एमालेबाट टुक्रिएर औपचारिकरूपमा माधव नेपालको नेतृत्वमा नेकपा एकीकृत समाजवादी गठन भएपछि व्यवसायीहरूको पनि कित्ताकाट भएको छ ।

नेकपा समाजवादी निकट व्यवसायीहरूले शुक्रबार राजधानीमा बृहत व्यवसायी भेला गरी 'एकीकृत वैदेशिक रोजगार व्यवसायी संगठन नेपाल' गठन गर्ने तयारी गरेका छन् । काठमाडौंको नयाँ वानेश्वरस्थित अर्याल होटलमा हुने भेलामा पार्टी शीर्ष नेताहरू र

बाँकी पृष्ठ २ मा

**एकीकृत वैदेशिक रोजगार व्यवसायी संगठन, नेपाल**

**बृहत व्यवसायी भेला**

हार्दिक निमन्त्रणा

आदरणीय वैदेशिक रोजगार व्यवसायीज्यूहरु ! निम्न मिति, समय र स्थानमा एकीकृत वैदेशिक रोजगार व्यवसायी संगठन सम्बन्धी व्यवसायी भेला हुने भएकाले उपस्थितिका लागि हार्दिक निमन्त्रणा गर्दछौं ।

कार्यक्रम
मिति : २०७८/०६/०१ (शुक्रबार)
समय : दिउँसो १२:३० बजे
स्थान : होटल अर्याल, नयाँ बानेश्वर

आयोजक
एकीकृत वैदेशिक रोजगार व्यवसायी संगठन, नेपाल

**UAE को Semi Government मा रोजगार**

कम्पनी: SPARK SECURITY SERVICES SOLE PROPRIETORSHIP LLC EMIRATES



पूर्व स्वीकृत मिति: २०७८/०५/३० चलानी नं.: ६०१६३०४१ LT. No.: 245733

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard (ASSD) | 0 | 50 | सम्बन्धित काममा दक्ष | 2000 | ६४,०२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Security Guard - SIRA | 50 | 50 | | 1200 | ३८,४१२ | | | | | | | |

★ कम्तिमा SLC पास साथै अङ्ग्रेजी भाषा राम्रो सँग लेख्न, बोल्न र पढ्न सक्ने हुनुपर्नेछ ।
★ उमेर २२ बर्ष देखि ४० बर्ष ननाघेको र उचाइ ५ फिट ७ इन्च भन्दा माथि हुनुपर्नेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ असोज ७ गते (23 September 2021) मा हुनेछ ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**SHARON MANPOWER SERVICES PVT. LTD.**
Govt Lic. NO. 647/063/064
P.O. Box : 10443, Sinamangal-9, Kathmandu
Phone : 4481505, 4481905, 4481957
E-mail : hr@sharonhrservices.com, info@sharonhrservices.com,
website: www.sharonhrservices.com

# हामी आफ्नै शक्तिमा विश्वास गर्छौं : प्रदीप ज्ञवाली

सुमन महतारा/मध्यान्ह
गुल्मी, ३० भदौ

नेकपा एमाले गुल्मीले जिल्लास्तरीय कार्यकर्ता भेटघाट कार्यक्रम सम्पन्न गरेको छ। जिल्ला सदरमुकाम तम्घासमा बुधबार नेकपा एमालेका प्रवक्ता प्रदीप ज्ञवालीको प्रमुख आथित्यता र सचिव गोकर्ण बिष्टको विशिष्ट आतिथ्यतामा कार्यक्रम सम्पन्न भएको हो ।

भेलामा नेकपा एमालेका प्रवक्ता एवं गुल्मी क्षेत्र न. १ का सांसद ज्ञवालीले आफूहरुको पार्टी नेकपा एमालेले आफ्नै शक्तिमा विश्वास गर्ने बताए । उनले सरकार परिवर्तन संसदीय व्यवस्थापनमा भइरहेको बताउँदै सदनमा अविश्वासको प्रस्ताव




ल्याइ संसदको भोटबाट केपी ओली प्रधानमन्त्रीबाट हटेको नभइ अदालतको आदेशबाट हटाइएकाले अहिलेको अवस्था आएको जिकिर गरे ।

नेकपा एमालेकै सचिव एवं गुल्मी क्षेत्र नं. २ का सांसद गोकर्ण बिष्टले नेकपाको अस्तित्व गएको फागुन २३ गते अदालतको फैसालाले नेकपा एमाले र माओवादी छुट्टाछुट्टै पार्टीको रुपमा फैसला गरी एमाले पुनः स्थापित भएको उल्लेख गर्दै पार्टीको स्थायी कमिटी र केन्द्रीय कमिटीमा यस घटनाको समिक्षा गर्ने बताए । पछिल्लो समय पार्टीभित्र एकता सन्तुलन गरेर पार्टीलाई एकता गर्ने एउटा प्रचार चलेको र दुई अध्यक्ष बनाएर अघि बढ्न सकिन्छ कि भन्ने प्रयत्नले अघि बढेको पनि बताए । कार्यक्रममा जिल्लास्थित नेता तथा कार्यकर्ताको उपस्थिति रहेको थियो ।

## १२ प्रजिअसहित १६ कर्मचारीको सरुवा

**काठमाडौं/मस–** गृह मन्त्रालयले विभिन्न जिल्लाका प्रमुख जिल्ला अधिकारीको सरुवा गरेको छ । मन्त्रालयका प्रवक्ता फणिन्द्रमणि पोखरेलका अनुसार गृहमन्त्रीस्तरीय निर्णयले १२ प्रजिअसहित १६ कर्मचारीको सरुवा गरिएको हो । उनका अनुसार गृह मन्त्रालयका सहसचिव घनश्याम उपाध्ययलाई ललितपुरको प्रमुख जिल्ला अधिकारीमा पठाइएको र ललितपुरका प्रजिअ ढुण्डीप्रसाद निरौलालाई भने मन्त्रालयमा ल्याइएको छ ।

गुल्मीका प्रजिअ रुद्रादेवी शर्मालाई भक्तपुर ल्याइएको छ भने मन्त्रालका सहसचिव पुण्यविक्रम पौडेललाई गुल्मीको प्रजिअमा पठाइएको छ । गृहका सहसचिव शंकरहरि आचार्यलाई गोरखाको प्रजिअमा र सहसचिव काशीराज दाहाललाई मोरङ लगिएको छ भने मोरङका प्रजिअ कोशहरि निरौलालाई गृहमा ल्याइएको छ । गृहका अर्का सहसचिव दीपककुमार पहाडीलाई रामेछाप तथा नुरहरि खतिवडालाई संखुवासभाको प्रजिअमा पठाइएको छ ।

# बढ्न थाल्यो कोरोनाको संक्रमण दर

## १,७६० संक्रमित थपिए, १,२२० संक्रमण मुक्त

**काठमाडौं/मस–** नेपालमा पछिल्लो समय कोरोना संक्रमणको दर पुनः बढ्न थालेको छ। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार बुधबार देशभर एक हजार ७६० मा संक्रमण पुष्टि भएको छ। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रवक्ता डा.कृष्णप्रसाद पौडेलका अनुसार १६ हजार ८४४ मा परीक्षण गर्दा सो संख्यामा संक्रमण पुष्टि भएको छ ।

यसैगरी बुधबार काठमाडौं उपत्यकामा ४९५ जनामा संक्रमण पुष्टि भएको छ । उनका अनुसार भक्तपुरमा ६३ जना, ललितपुरमा ७२ र काठमाडौं ३६० संक्रमित भेटिएका छन्। पछिल्लो पटक कूल परीक्षण गराएकामध्ये संक्रमित हुने दरमा पनि कमी आएको पौडेलले बताए । गत साउनमा परीक्षण गराएकामध्ये २२ प्रतिशतमा संक्रमण हुने गरेकामा हाल आएर त्यो घटेको पाइएको उनको भनाइ छ । कूल परीक्षण गरिएकामध्ये १०.६ प्रतिशतमा संक्रमण देखिएको पौडेलले जानकारी दिए ।

यस्तै सक्रिय संक्रमित २६ हजार ३०३ छन्। पाँच हजारभन्दा बढी संक्रमित भएका जिल्ला ११ छन् । यस्तै उनका अनुसार एक हजार २२० संक्रमण मुक्त भएका छन् । हालसम्म सात लाख ४३ हजार ५२६ संक्रमण मुक्त भएका छन्। नेपालमा संक्रमण मुक्त हुने दर ९५.२ प्रतिशत छ ।

यस्तै संक्रमणबाट विगत २४ घण्टामा सात जनाको ज्यान गएको छ । हालसम्म संक्रमणबाट १० हजार ९९१ को मृत्यु भएको छ । नेपालमा प्रति लाखमा ३७० को संक्रमणको कारणले मृत्यु हुने गरेको छ । यस्तै ४०७ सघन उपचार कक्ष (आइसियु), १२९ जना भेन्टिलेटर, २४ हजार ६८३ जना होम आइसोलेशन, एक हजार ६२४ जना संस्थागत आइसोलेशन र २१८ जना क्वारेन्टिनमा छन् । यसअघि मंगलबार नेपालमा १५६२ संक्रमित थपिँदा १५८९ निको भएका थिए । सोमबार १४ सय ८६ जनामा नयाँ संक्रमण देखिएको थियो । यस्तै आइतबार ९११ र शनिबार ९९४ जनामा कोरोना संक्रमण देखिएको थियो ।

यसैगरी बुधबार २९ लाख ९१ हजार १३१ ले कोरोना भाइरस विरुद्धको खोप लगाएका छन् । हालसम्म ६० लाख चार हजार १९ ले पहिलो मात्रा र ५४ लाख १५ हजार ४२७ ले पूर्ण मात्राको खोप लगाइसकेका छन् ।

**बागमतीमा १८ लाखले लगाए खोप**

बागमती प्रदेशमा हालसम्म १८ लाख ७० हजार ७०० भन्दा बढीले कोरोनाविरुद्धको पूर्ण खोप लगाएको प्रदेशको सामाजिक विकास मन्त्रालयले जनाएको छ । मन्त्रालयका अनुसार हालसम्म ३२ प्रतिशतले कोरोनाविरुद्ध खोप लगाएको बताइएको छ । प्रदेशमा तीन लाख ४७ हजार १०१ ले कोभिसिल्ड, ११ लाख ७६ हजार २०४ ले भेरोसेल तथा तीन लाख ४७ हजार ४१४ ले जोनसन एण्ड जोनसन खोप लगाएको जानकारी दिइएको छ। प्रदेशमा १८ वर्षभन्दा माथिका ३२ लाख ७८ हजार १७७ ले कोरोनाविरुद्ध हालसम्म खोप लगाउन सकेका छैनन् । बागमती प्रदेशमा २५ लाख ३८ हजार २२५ को कोरोना सङ्क्रमण परीक्षण गर्दा चार लाख २५ हजार ७९२ अर्थात् १६.७७ प्रतिशत व्यक्तिमा सङ्क्रमण पुष्टि भएको मन्त्रालयका प्रवक्ता डा पुरुषोत्तमराज सेढाईंले भन्नुभयो । तीमध्ये हालसम्म चार लाख १० हजार २६८ अर्थात् ९६.३५ प्रतिशत कोरोना संक्रमण मुक्त भएको बताइएको छ। प्रदेशमा कोरोनाको संक्रमणबाट चार हजार ३७२ को मृत्यु भएको जनाइएको छ ।

मकवानपुर जिल्लामा १० हजार ५९ जनाले कोभिसिल्ड, १४ हजार ३०० ले भेरोसेल र पाँच हजार ९२३ ले जोनसन एण्ड जोनसनको खोप लगाएका छन् । काठमाडौंमा एक लाख ३९ हजार ५१ ले कोभिसिल्ड, पाँच लाख ९८ हजार ५७७ ले भेरोसेल र एक लाख ५६ हजार २५ ले जोनसन खोप लगाएका छन् ।

त्यसैगरी ललितपुरमा दुई लाख २२ हजार २३३, भक्तपुरमा एक लाख ६५ हजार ८९६, नुवाकोटमा ५६ हजार ५३३, धादिङमा ५२ हजार ६२७ चितवनमा एक लाख ५१ हजार १९३ सिन्धुलीमा ३१ हजार ५०३, रामेछापमा ७१ हजार ३५६, दोलखामा ३२ हजार ३२५ काभ्रेमा एक लाख दुई हजार १०० तथा सिन्धुपाल्चोक जिल्लामा ४९ हजार ६८३ ले खोप लगाएको मन्त्रालयले जनाएको छ ।

### मेलम्चीझैं ...

ङाजुजस्तै आफ्नो घर पहिलेजस्तै उठिदिएहुन्थ्यो भन्ने सपना सबै स्थानीयवासी देख्छन् र बिहानबेलुकै घरको निशाना रहेको बगरको परिक्रमा गर्ने गर्छन् । वरपरको वातावरण उस्तै उराठ र सुनसान छ। आवाज छ त त्यही मेलम्चीको एकोहोरो सुस्साहटको । कति मेहनतले सिङारेको घर भक्लक्क ढालेर बगरले पुर्दा उहाँको अझै आँसु थामिएको छैन । “सर्वस्व गयो मेरो, जे थियो त्यही घर थियो, अब त यही आँसुमात्र बाँकी छ” आँसुका धारसँगै बग्छन् उनका शब्द पनि। कोही नयाँ व्यक्ति पुगेर केही सोध्यो कि मनको घाउ बल्झाउन आएजस्तो लाग्छ ङाजुलाई । मन नलागेपनि यसरी आफ्ना व्यथा पोखेको दुई महिनाभन्दा बढी भयो।

सात जनाको परिवार उहाँका श्रीमान् कामी तामाङको दाजुभाइको गरेर ६० मुरी धान फल्ने खेत पनि सँगै थियो । घर छेउमै धान कुट्ने मिल थियो । आर्थिक रुपले सम्पन्न र सुखी थियो ङाजुको परिवार। असार १ को बाढी घरमा पस्यो, छिमेकका केही घर बगेका थिए। अविरल वर्षा निरन्तर रहँदा असार १७ मा उर्लिएको मेलम्चीले मिलसमेत बगाएपछि ङाजु परिवारको बासै उठ्यो ।

“एउटा घर बगाएर कहाँ लग्यो थाहा छैन, अर्को एउटा बगरमा पल्टिएर बसेको छ । मिलबाट निकालेको थोरै चामलले केही दिन जीवन धानियो, अहिले दाताको भरमा चुलो बन्दै छ”, आँसु पुछ्दै उनले भनिन् । मुरीकामुरी धान, मकै र चामलका बोरा सबै मेलम्चीले निल्यो । अहिले त अन्नको सग्लो दाना देख्दा पनि उनको आँखा थप रसाउँछन् ।

परेको बेला अरुलाई सहयोग गर्ने ङाजु अचेल कसले दुईछाक टारिदेला भन्ने आशमा छिन्। कोही नयाँ मान्छे गाउँमा देखियो भने केही ल्याइदिए की भन्ने आशले अगाडि पुग्छन् । घरखेतै लगेका यहाँका धेरै सम्पन्न भनिएका मानिस पनि सुकुम्वासी बनेका छन् । विपद्ले धनी गरिब नभन्ने रहेछ । जसको घर ठिक छ पूरै पनि खोतलेर बस्न लायक बनाउन सकिन्छ । बनाउन थालेका पनि छन्। जसको घर नै बगाएर बगर बनेको छ उसलाई ठूलो चोट छ।

उनको घर खोलाको छेउमा भएर बगेको पनि थिएन । खोला अतिक्रमण गरेर बनाइएको पनि होइन । खोला निकै तल घरबाट देखिँदैन थियो । एक्कासि मेलम्ची उर्लेर यसरी माथि आयो की झोलङ्गे पुलको समेत नाम निशान नै मेटेर लग्यो । अघिल्लो दिन चामल अलिकति निकालेका थिए। मिल र घट्ट उप्काएर राखे, त्यही चामलले सुरुको समयमा छाक टार्‍यो ।

केही माथि संस्थाले बनाइदिएको अस्थायी टहरामा बसेर उनको परिवार अहिले गुजारा गर्दैछन् । उनले भनिन्, “संघ संस्थाले खाना दिएको छ, त्यही खाएर बस्ने बसिराछौं, दाताको सहयोग आएन भने भोकै बस्नुपर्छ ।” बाँकी भएको बाँदर खेल्ने पखेरोमा अन्न फल्दैन। अब कसरी जीवन गुजारा गर्ने भन्ने चिन्ताले उनलाई सताएको छ।

घर बगाएको ठाउँबाट तल गहिरोमा थियो खोला । घरबाट खोला हेर्न सकिँदैन थियो । त्यहाँ ठूलो फाँट पनि थियो । सबै बगर बनेको छ । अस्तिसम्मको घरबस्तीबाटै मेलम्ची आफ्नै तालमा मस्त कुदिरहेको छ । बाढी आएको दिन गाउँमा रोपाइँ थियो । ङाजु रोपाइँ सकेर घर फर्कदै थिइन् । उनका अनुसार आउँदाआउँदै उतिसलगायतका रुख निकै ठूलो आवाजका साथ गर्लम्मै ढले। कहाँ के भयो ? केही पत्तो भएन । तर एकैछिनमा हेर्दा त माथिको माछा फार्म बगाइसकेको रहेछ । अनि मान्छेको भागभाग भयो । बल्लतल्ल ज्यान जोगियो उनले सम्झिइन् ।

गणेश बगरका स्थानीय राम तामाङका अनुसार असार १ गते साँझ ७ बजे बाढी आएको थियो त्यसदिन खोला छेउका केही घर लग्यो । पछि १६ गतेदेखि परेको भिषण वर्षाले १७ गते साँझ एक दुई घर मात्रै बाँकी राखेर अन्य ४३ घर लग्यो। त्यसपछि बनेको यहाँको अस्थायी टहरामा तीन समूहमा बाढीपीडित बस्दै आएका छन्। सबै मेसमा खाना खान्छन् ।

उनीहरूले सरकारसँग सबै स्थायी बासको माग गरिरहेका छन्। “बरु एकीकृत बस्ती बनाइदिए हुन्थ्यो, भाडाको जग्गामा यसरी कति दिन बस्ने” राम तामाङले भने। दिनमा बाढी आएकाले मात्रै त्यहाँ मान्छे जोगिएको उनीहरू सुनाउँछन् । केही अघि उक्त बस्तीको स्थलगत निरीक्षण गरेर फर्कनुभएका गृहमन्त्री बालकृष्ण खाँडले उनीहरूको पुनर्वासका लागि तत्काल व्यवस्थापन गर्न मातहतका निकायलाई निर्देशन पनि दिए ।

यसपाली औषतभन्दा बढी नै वर्षा हुँदा सिन्धुपाल्चोकसहित मुलुकका ७१ जिल्ला प्रभावित भएको छ । जेठ २८ मा भिभिएर ३० गतेदेखि देशैभरि मनसुन सक्रिय भएको थियो। त्यसको अर्को दिनबाटै भारी वर्षा सुरु भई जनजीवन प्रभावित बनायो। सुरुआती वर्षाले मनाङ र सिन्धुपाल्चोकलगायत जिल्लामा ठूलो जनधनको क्षति गरायो। असार १ र असार १६ गते पुनःभारी वर्षा हुँदा सिन्धुपाल्चोकमा दोहोरिएर क्षति भएको हो ।

गृहमन्त्रालयबाट प्राप्त विवरणअनुसार सिन्धुपाल्चोकमा अहिलेसम्म छ जनाको मृत्यु भएको छ भने २० बेपत्ता छन्। सिन्धुपाल्चोकको मेलम्ची नगरपालिकाका प्रमुख डम्बरबहादुर अर्यालका अनुसार नगरक्षेत्रका २४७ घर बाढीले बगाएको छ। कूल एक हजार ७०० रोपनीभन्दा बढी जमिन लगेको छ।

### सत्ता ...

अर्थात् एकीकृत समाजवादी र जसपा बीच परस्पर विपरीत परिस्थिति रहेकाले प्रधानमन्त्री देउवाले मन्त्रिपरिषद् बिस्तार गर्न सकिरहेका छैनन् । आफै १७ मन्त्रालय सम्हालिरहेका छन् । प्रधानमन्त्री देउवा नेतृत्वको काँग्रेस महाधिवेशनको चटारोमा रहेकाले पनि मन्त्रिपरिषद्लाई पूर्णता दिन सकिरहेका छैनन् ।

### अझै....

विवाद पनि मंगलबार टुंगो लागेको छ।

यसअघि ५७ जिल्लाको क्रियाशील सदस्यता विवरण सार्वजनिक गरिसकेको छ । ती जिल्लाहरुमा १८ भदौ देखि चरणबद्ध अधिवेशन भइरहेको छ। तर बाँकी २० जिल्लामध्ये १० जिल्लाको क्रियाशील सदस्यता विवाद समाधान गरी प्रिन्ट भइसकेको निर्वाचन समितिले जनाएको छ।

कार्यालयका मुख्य सचिव कृष्णप्रसाद पौडेलका अनुसार, सबै जिल्लाको विवाद समाधान गरी छिट्टै पार्टीको केन्द्रीय निर्वाचन समितिलाई विवरण बुझाइनेछ । क्रियाशील सदस्यता विवरण प्राप्त भएपछि मात्र समितिले बाँकी जिल्लामा वडा अधिवेशन प्रारम्भ गर्ने जनाएको छ ।

करिब नौ लाखको संख्यामा कांग्रेस क्रियाशील सदस्य पार्टीको गाउँ/नगर वडा अधिवेशनका मतदाता हुन् । क्रियाशील सदस्यले आफ्नो वडाको वडा समिति र क्षेत्रीय प्रतिनिधिको चयन गर्छन् । कांग्रेसको पछिल्लो अधिवेशन कार्यतालिकाअनुसार अधिवेशन प्रारम्भ हुन बाँकी २० जिल्लामा गाउँ/नगर वडा अधिवेशन आगामी असोज ५ गते तोकिएको छ ।

गाउँ/नगरपालिका अधिवेशन असोज ९ गते, प्रदेशसभा क्षेत्रीय अधिवेशन असोज १२ गते र प्रतिनिधिसभा क्षेत्रीय अधिवेशन/एक मात्र प्रतिनिधिसभा निर्वाचन क्षेत्र भएको जिल्ला अधिवेशन असोज १८ गते निर्धारण गरिएको उनले बताए । एकभन्दा बढी प्रतिनिधिसभा निर्वाचन क्षेत्र भएको जिल्ला अधिवेशन असोज १८ गते तोकिएको छ । कांग्रेसले प्रदेश अधिवेशन कात्तिक १० देखि १२ गतेसम्म हुनेछ ।

### एमाले...

सकेसम्म अध्यक्ष एवं पूर्व प्रधानमन्त्री माधवकुमार नेपालको प्रमुख आतिथ्यतामा भेलाको तयारी गरिएको छ ।

प्रगतिशील वैदेशिक रोजगार व्यवासायी मञ्च नेपालका पूर्व अध्यक्ष टंक बहादुर राउत, बरिष्ठ उपाध्यक्ष वाईबी राई, उपाध्यक्ष मधुकर रिजाल, शन्त बहादुर लामा, तिला कार्की, कमल सापकोटा, सुरज घुण्डे गुरुङ, सरस्वती सुवेदी, अनिल बोगटी, बाबुराम खड्का, गोपाल भण्डारी, अञ्जुला यादव, मोहन स्याङ्वा, बर्मदेव शाह लगायतका व्यवसायी नयाँ संगठन निर्माणमा सक्रिय रहेका छन् । उनीहरूले हाल नयाँ संगठनमा पाँच दर्जन वढी सक्रिय व्यवसायी रहेको र संगठनको सक्रियतासँगै बीचमा रहेका व्यवसायीहरू गोलवद्ध हुने दावी समेत गरेका छन् ।

लामो समयदेखि माधव नेपाल निकट मानिएका हाल मञ्चको संयोजक रहेका राजेन्द्र भण्डारीले आफू पार्टी र मञ्च विभाजनको पक्षमा नरहेको बताए । वैदेशिक रोजगार क्षेत्रमा कम्युनिस्ट निकट व्यवसायी नेपाली कांग्रेस निकट व्यवसायीको तुलनामा संख्यात्मक रूपमा कम मानिन्छन् । उनीहरू नेकपा माओवादी, नेकपा एमाले र एकीकृत समाजवादी निकट भएर विभाजित हुँदा थप कमजोर बन्ने र त्यसले नेपाल वैदेशिक रोजगार व्यवसायी संघको आगामी निर्वाचनमा प्रत्यक्ष प्रभाव देखिने कतिपयको विश्लेषण रहेको छ ।

# कुलमान घिसिङद्वारा बिरामी कुरुवा भवन शिलान्यास



दिपेन्द्र श्रेष्ठ/मध्यान्ह
काठमाडौं, ३० भदौ

निम्न र विपन्न वर्गका समुदायको सहजीकरणका लागी पशुपति क्षेत्र नजिकै एक करोड लागतमा ३ रोपनी ८ आना जग्गामा बिरामी कुरुवा भवनको शिलान्यास गरिएको छ। बुधबार एक कार्यक्रमका बीच नेपाल विद्युत प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले सो भवनको शिलान्यास गरेका हुन् ।

विपन्न वर्ग तथा असहाय परिवारका सदस्यहरुलाई काठमाडौं उपत्यकामा महँगो भाडा तिरेर बस्नुपर्दा उपचारमा पैसाको अभावमा भौतारिनुपर्ने अवस्थालाई अन्त्य गर्न बिरामी कुरुवाकोरुपमा बस्नुपरेका मानिसहरुलाई सहज बनाउनको निम्ति जग्गा भाडामा लिई भवन निर्माण गर्न लागिएको १०० ग्रुप नेपालका बब्लु गुप्ताले मध्यान्हलाई बताए ।

देशमै बसेर केही गरौं भन्ने भावका युवाहरु मिलेर गर्ने यस्ता कार्यहरुमा साथ र सहयोग गर्न पाउँदा गर्व लाग्ने बताउँदै प्राधिकरणका कार्यकारी निर्देशक घिसिङले सरकारको तर्फबाट र ब्यक्तिगत तर्फबाट पनि सक्दो सहयोग गर्ने बताए ।

सो अभियानमा जोडिन आइपुगेका संचारकर्मी हरिशरण लामिछानेले यस्तो पवित्र कार्यमा सहकार्य गर्न पाउँदा खुसी लागेको बताए। दुःखमा परेका मानिसहरुलाई सहयोग गर्न पाउँदा मनदेखि नै आनान्द लाग्ने उनको भनाइ थियो । सो जग्गा लामिछानेले भवन बनाउनका लागि १२ वर्षका लागि सहयोग स्वरुप प्रदान गरेका हुन् ।

लामो समयदेखि वैदेशिक रोजगारमा रहेर मातृभूमिलाई माया गर्नेहरु र देशमै रहेर सामाजिक भाव भएका ईसा गुरुङ, सुनिता गुरुङ ,किशोर मानन्धर, विमल पन्त, १०० ग्रुपका बब्लु गुप्ता, भिम उपाध्याय, सपना रोक्कामगर लगायतका सहयोगी मनहरुको सहयोग रहेकाले सहयोगी मनहरु थपिँदै जाने र जो कोही यस्तो सामाजिक कार्यमा जोडिन चाहेमा सजिलै जोडिन गुप्ताले आह्वान समेत गरे ।

सो भवन २ तल्लाको रहने, भवनमा २४ वटा कोठा हुने, लक्षित वर्गलाई एक सहायता कक्ष र सुरक्षागार्डसहितको व्यवस्था हुनेछ भने बिरामी कुरुवाहरुलाई बिहान, बेलुकी यातायातको व्यवस्थासमेत रहने हाम्रो टिम नेपालका विमल पन्तले मध्यान्हलाई बताए ।


# मोना कतारले सञ्चालन गरेको वक्तृत्वकला प्रतियोगिताबाट छानिए उत्कृष्ट १०

तिलु शर्मा पौडेल/मध्यान्ह
दोहा कतार, ३० भदौ

कतारमा रहेका म्याग्देलीहरुको साझा सामाजिक संस्था म्याग्दी प्रवासी नेपाली संघ (मोना) कतारले म्याग्दी जिल्लामा सञ्चालन गरिरहेको अन्तर माध्यमिक विद्यालयस्तरीय वक्तृत्वकला प्रतियोगिताको दोस्रो चरणको नतिजा सार्वजनिक गरेको छ ।

अन्तिम नतिजा प्रकाशन गर्दै संघले दोस्रो चरणबाट उत्कृष्ट १० जना तेस्रो चरणमा प्रवेश गरेको जनाइएको छ। ‘म्याग्दी जिल्लालाई विकसित बनाउन आवश्यक मुख्य आधार के-के हुन् ? प्रवासी म्याग्देलीहरुको संस्था मोनाबाट तपाईँहरुको अपेक्षा के छ ?’ भन्ने शीर्षकमा संघले प्रतियोगिता राखेको थियो ।

पहिलो चरणबाट छानिएका १२ जना विद्यार्थीमध्ये कैलाश मा.वि. दोवाकी मेरिका चोचांगीले उत्कृष्ट १० को प्रतिस्पर्धामा सहभागी हुन् नसके पछि ११ जना प्रतिस्पर्धीबाट १० जना छानिएको हो । उत्कृष्ट १० मा वेस्ट पोइन्टबाट शिल्पीका




जिसी र प्रज्वल मल्ल, प्रकाश मा.वि. कि सिर्जना कटुवाल, जमुना खर्कबाट विनीता सुबेदी, बेनी सामुदायिक स्कुल कि सुमित्रा पौडेल, सर्वोदयबाट सुशन पुन, सरस्वती मा.वि.बाट सुजल कार्की, भीम मा.वि.बाट सुमिना पुन, म्याग्दी एकेडेमीबाट अनुज खड्का र जनप्रिय मा.वि.बाट विजया शर्मा रहेका छन् ।

पहिलो चरणमा नम्बर प्रदान गरे पनि दोस्रो चरणमा ग्रेड प्रदान गरिएको प्रतियोगिताका संयोजक थम कुमार गिरीले जानकारी दिए।

आयोजक समितिले नतिजासहित तेस्रो चरणको प्रतिस्पर्धाका लागि ‘भर्चुअल पढाई, यसका जटिलता, प्रभावकारिता र समाधानको उपायसहित स्थानीय सरकारलाई सुझावसहितको अपेक्षा के-के छन् ?’ भन्ने शीर्षकमा प्रतियोगिता राखेको छ ।

उक्त शीर्षकमा असोज ३ गते साँझ ५ बजे सम्ममा ५ मिनेट नबढाई असम्पादित र मोबाइलबाट तेर्सो गरी खिचिएको भिडियो आयोजकले उपलब्ध गराएको गुगल फर्म या इमेलमा पठाउन सकिने संघले जनाएको छ ।

उत्कृष्ट १० बाट टप ५ फाइनालिस्ट छानिने कार्य तालिका रहेको संघका अध्यक्ष नरेन्द्र फगामीले मध्यान्हलाई जानकारी दिए । फगामीका अनुसार यो अन्तिम भर्चुअल रहेको र फिनाले म्याग्दी सदरमुकाम बेनीमा प्रत्यक्ष गर्ने कार्य तालिका रहेको जानकारी दिए ।

# पाँच किलो चांदी सहित दुई जना भारतीय पक्राउ

शुभ नारायण कामती / मध्यान्ह
सिरहा, ३० भदौं ।

सिरहामा नेपालबाट भारततर्फ तस्करी गर्न लागेको ५ किलो चाँदीसहित दुई जना भारतीय युवक पक्राउ परेका छन् ।

उनीहरुलाई ठाडी प्रहरीले पक्राउ गरेको हो । पक्राउ पर्नेमा भारतको मधुवनी जिल्ला, खुटौना पञ्चायत बस्ने ४० वर्षीय पिन्टु महतो र ३५ वर्षीय रबि महतो रहेका छन् ।

उनी दुबै जनालाई सिरहाको भगवानपुर गाउँपालिका वडा नं. ४ ठाडीमा चेकजाँचको क्रममा चाँदीसहित पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय सिरहाका एसपी हिरा बहादुर पाण्डेले जानकारी दिए। आवश्यक कारबाहीका लागि पक्राउ परेका दुबै जनालाई ईलाका प्रहरी कार्यालय लहानमा ल्याउने तयारी भइरहेको उनले बताए ।



# बाँकेमा पहिलो पटक जानकी गाउँपालिका बालविवाह मुक्त घोषणा



**पवन जयसवाल/मध्यान्ह**
नेपालगञ्ज (बाँके), ३० भदौ

बाँकेको जानकी गाउँपालिका बालविवाह मुक्त गाउँपालिका घोषणा गरिएको छ। गाउँपालिकालाई राष्ट्रिय बाल दिवसको अवसरमा मंगलबार बालविवाह मुक्त गाउँपालिका घोषणा गरिएको हो। जानकी गाउँपालिकाद्वारा आयोजित बालविवाह मुक्त घोषणासभाका प्रमुख अतिथि जिल्ला समन्वय समिति बाँकेका संयोजक अजय श्रीवास्तवले जानकी गाउँपालिका बालविवाह मुक्त घोषणा भएको प्रमाणपत्र जानकी गाउँपालिकाकी कार्यवाहक अध्यक्ष भूमिसरा धिताललाई प्रदान गरेका थिए।

सो सभामा जिल्ला समन्वय समितिका संयोजक श्रीवास्तवले बाँके जिल्लामै पहिलो बालविवाह मुक्त गाउँपालिका घोषणा हुन सफल भएकोमा गाउँपालिकाका जनप्रतिनिधि, कर्मचारी र साझेदार गैरसरकारी संघ संस्थाका प्रतिनिधिहरु प्रति आभार प्रकट गरेका थिए।

उनले मधेशी समुदायको बाहुल्यता रहेको जानकी गाउँपालिकामा बालविवाह जस्तो कुरीतिका विरुद्ध बाँकेमा राम्रो अभियान सञ्चालन गरेर जानकी गाउँपालिकाले आफ्नो छुट्टै पहिचान बनाएको बताए। आगामी फागुन महिनासम्ममा बाँके जिल्लालाई बालविवाह मुक्त जिल्ला घोषणा गर्ने तयारीका साथ काम भइरहेको बताउँदै उनले यसलाई सफल बनाउनमा स्थानीय तह र गैरसरकारी संघ संस्थाहरुको पनि उत्तिकै भूमिका रहेको बताए।

बालविवाह मुक्त अभियान सञ्चालन निर्देशिका अनुसार गाउँपालिकाका सबै वडालाई बालविवाह मुक्त घोषणा गरेपश्चात भदौ २९ गते गाउँपालिकालाई नै बालविवाह मुक्त घोषणा गरिएको जानकी गाउँपालिकाकी कार्यवाहक अध्यक्ष भूमिसरा धितालले जानकारी दिइन्। जिल्लामै पहिलो बालविवाह मुक्त गाउँपालिका घोषणा गर्न सकेकोमा खुशी व्यक्त गर्दै उनले आगामी दिनमा पनि अभियानलाई निरन्तरता दिई बालविवाहलाई शून्यमा झार्न सबै सरोकारवाला निकायलाई अनुरोध गरिन्।

बालविवाह मुक्त पालिका घोषणा सभामा खजुरा गाउँपालिकाका अध्यक्ष किस्मतकुमार कक्षपति, बाँकेका प्रमुख जिल्ला अधिकारी शिवराम गेलाल लगायतले शुभकामना व्यक्त गरेका थिए भने जानकी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत बस बहादुर राना र बालविवाहविरुद्धको अभियान सञ्चालन गर्दै आएका सामाजिक सचेतना सरोकार मञ्च (स्याक) का परियोजना व्यवस्थापक जगदीश थापाले गाउँपालिकालाई बालविवाह मुक्त गर्न गरिएका प्रयास, पूरा गरिएका मापदण्ड र कार्यविधिका बारेमा जानकारी गराएका थिए।

कार्यक्रममा जानकी गाउँपालिका वडा नं. ४ का अध्यक्ष विश्राम कुमार वर्माले स्वागत मन्तव्य राखेका थिए भने विभिन्न बालबालिकाले साँस्कृतिक प्रस्तुति प्रस्तुत गरेका थिए।

गाउँपालिकाको नहर चोकबाट शुरु भएको बालविवाह घोषणा र्‍याली मानपुर स्थित विद्यालयमा पुगी सभामा परिणत भएको थियो। कार्यक्रममा गाउँपालिकालाई बालविवाह मुक्त गराउने अभियानमा सहयोग तथा समन्वय गर्ने दर्जनौं व्यक्ति तथा संस्थालाई सम्मान गरिएको थियो। जानकी गाउँपालिकालाई बालविवाह मुक्त घोषणा गर्न स्याक नेपाल र त्रिवेणी विकास समाज बाँकेले बालविवाह रोकथाम परियोजना मार्फत साझेदारी गर्दै आएका छन्। बालविवाह मुक्त अभियान सञ्चालन निर्देशिका अनुसार, वडामा २० प्रतिशत भन्दा कम बालविवाह भए बालविवाह मुक्त घोषणा हुने प्रावधान रहेको स्याकका अध्यक्ष शिवलाल पाण्डेले जानकारी दिए। उनका अनुसार गाउँपालिकामा २० प्रतिशत भन्दा कम बालविवाह भए बालविवाह मुक्त घोषणा हुने प्रावधान रहेको छ। गाउँपालिकालाई बालविवाह मुक्त घोषणा गर्न स्थानीय तहमा बालअधिकार समिति गठन सम्बन्धि कार्यविधि, बालविवाह अन्त्य सम्बन्धी रणनीति, बालसंरक्षण नीति र गाउँपालिका बालअधिकार संरक्षण समिति तथा विद्यालय र वडास्तरमा बालअधिकार समिति क्रियाशील रहेका छन्।



मुस्ताङको मार्फादिखि म्याग्दीस्थित धौलागिरि हिमाल आरोहण गर्नआएका आरोहीका सामग्री खच्चडमा बोकाएर ढुवानी गरिँदै। तस्वीर : रासस

## कांग्रेस १४ औं महाधिवेशन

# कञ्चनपुरमा वडामै दिइएन महिलालाई नेतृत्व

**गोमती पाल/मध्यान्ह**
महेन्द्रनगर, ३० भदौ



नेपाली कांग्रेसको १४ औं महाधिवेशनमा पुनर्वास नगरपालिका ३ मा बुद्धिमाया तामाङ वडा सभापति भएकी छन्। यसअघि वडा सचिव रहेकी उनी सहमतिमा सभापति बनेकी हुन्। पुनर्वास नगरपालिका ३ मा वडा समिति र क्षेत्रीय प्रतिनिधि सहमतिमा चयन गरिएका छन्।

पुनर्वास नगरपालिका ३ बाहेक कांग्रेसको १४ औं महाधिवेशन अन्तर्गत कञ्चनपुरका सबै स्थानीय तहका ९२ वडामा वडा सभापतिसहित समिति चयन गरिएका छन्। ती सबै वडाममा पुनर्वास तामाङले मात्रै कांग्रेसको वडा समितिको नेतृत्व पाएकी छन्। अन्य ९१ वडामा पुरुष सभापति छन्।

भीमदत्त नगरपालिका १७ मा वडा सभापतिका लागि चन्द्रकला पाठकले उम्मेदवारी दिइन्। भीनपा १७ की वडा समिति सदस्य रहेकी पाठक पदम बुढासँग सभापतिमा पराजित भइन्। वडा सभापतिमा बुढाले ८१ र पाठकले २६ मत पाए। बुढा दोस्रो पटक वडा सभापति भएका हुन्। स्थानीय तह निर्वाचनमा बुढा वडा अध्यक्षमा पराजित हुँदा पाठक सदस्यमा निर्वाचित भएकी थिइन्।

अधिकारकर्मी मिना भण्डारी भीनपा २ मा वडा समितिको नेतृत्वका लागि आकाँक्षी थिइन्। १३ औं महाधिवेशनमा नगर समिति सदस्य भएकी उनी यस पटक वडा सभापति हुनेमा ढुक्क थिइन्। 'वडा सभापतिमा दाबी गरेको हो, सहमति भएपछि बाहिरिएँ,' उनी भन्छन्। वडा सभापतिमा उत्तम भट्ट फेरि दोहोरिएका छन्। 'दाबी त गरें, पछि छाडें, त्यसैले नेतृत्वमा जान नसक्नु एउटा कारण त आफैं हो' उनी भन्छिन्, 'अर्को चाहिँ मलाई जिम्मेवारी वहन गर्ने हिम्मत पनि छैन।'

महिलाहरु घरायसी कामकाज लगायतले व्यस्त हुने भएकाले नेताहरुको सोचाई पनि नेतृत्व हाँक्न नसक्ने देखिएको भण्डारी बताउँछिन्। भण्डारी कांग्रेसको राजनीतिक परिवारकी सदस्य हुन्। उनका कान्छा ससुरा गोपाल सिंह भण्डारीले कांग्रेस कञ्चनपुरका नेतृत्व गरिसकेका छन्।

कांग्रेसको १४ औं महाधिवेशन समितिका निर्वाचन अधिकृत हरक सिंह ९२ वडामा तामाङ बाहेक अन्यले वडा नेतृत्वका लागि दाबी समेत नआएको बताउँछन्। 'निर्वाचन कार्यक्रमसम्म पुग्दा वडा सभापतिमा दाबी नै आएन,' उनी भन्छन्, 'खै के भएर हो, वडा सभापति मात्रै होइन, खुला क्षेत्रीय प्रतिनिधिमा समेत महिला आएनन्।' परम्परावादी सोच र पितृसत्तात्मक सामाजिक संरचनाका कारण महिलाहरु वडाको नेतृत्वमा आउन नसकेको उनी बताउँछन्। वडामा सभापति सहित दुई उप सभापति, दुई सचिव, दुई सह सचिव र अन्य सदस्यहरु हुने गरेका छन्। वडा समितिको कोषाध्यक्ष मनोनित हुने व्यवस्था छ। वडाबाट आउने क्षेत्रीय प्रतिनिधिमा पनि महिला, दलित, जनजातिका लागि विधानमा व्यवस्था गरिएको छ। विधानको त्यही व्यवस्था अनुसार मात्रै क्षेत्रीय प्रतिनिधि आएका छन्।

भीमदत्त नगरपालिकाका उप मेयर सुशिला चन्द सिंह भीनपा ६ बाट क्षेत्रीय प्रतिनिधि आएकी छन्। उनी कांग्रेस क्षेत्र नं. ३ को क्षेत्रीय समितिको सचिवका लागि दाबेदार छन्। महिलाप्रतिका विश्वास, अघि बढ्नलाई प्रोत्साहन नहुने र नेतृत्व हाँक्न नसक्ने सोचका कारण महिलाहरु वडाको नेतृत्वमा आउन नसकेको उप मेयर चन्द बताउँछिन्। 'पार्टीभित्र महिलालाई पार्टीको नेतृत्वमा आउन प्रोत्साहन चाहिने हुन्छ, त्यसो हुन सकेन' उनी भन्छिन्,' हाम्रा भएन, राम्राको मूल्याङ्कन भएन।' पार्टीमा असहयोग भएपछि महिलाहरुसँग कोटामा क्षेत्रीय प्रतिनिधि आउन बाहेक अन्य विकल्प नभएको उनको भनाइ छ। उनी कांग्रेसले २०१६ मा सालमा मन्त्री बनाएकी द्वारिकादेबी ठकुरानीकी भतिजी हुन्। ठकुरानीलाई मन्त्री बनाएको पाँच दशकसम्म पनि महिलाहरु कांग्रेसको वडा समितिको नेतृत्व पाउन पनि नसक्ने अवस्थामा छन्।

अहिले कांग्रेसका नेतृत्व सुदूरपश्चिमका शेरबहादुर देउवा गरिरहेका छन्। उनी प्रधानमन्त्री पनि हुन्। संविधानमा ३३ प्रतिशत महिला प्रतिनिधित्वको व्यवस्था गरिएको छ। संविधान अनुसारको कांग्रेस वडा सभापतिमा ३१ जना महिला सभापति हुनु पर्ने हो। त्यस विपरीत वडामा महिला प्रतिनिधित्व एक प्रतिशत मात्रै छ।

भीमदत्तका उप मेयर सिंह संविधान व्यवस्था अनुसार पनि कांग्रेसभित्र अनिवार्य रुपमा पार्टीका सबै संरचनामा ३३ प्रतिशत प्रतिनिधित्व गराउनु पर्ने बताइन्। 'पार्टीलाई लोकतान्त्रिक मुखले भनेर मात्रै भएन, वडा, नगर, क्षेत्र, जिल्ला सबैमा पार्टीभित्र ३३ प्रतिशत महिला सहभागिता हुनु पर्छ' उनी भन्छिन्।

नेपाली कांग्रेस कञ्चनपुरका पूर्व सचिव यज्ञराज चटौत वडाबाट महिला नेतृत्व नआए पनि नगर क्षेत्रमा आउन सक्ने बताउँछन्। 'वडामा नेतृत्व आउन सकने, आउनु पर्थ्यो' उनी भन्छन्,' अब नगर र क्षेत्रको प्रतिनिधित्व आउँछन्।'

पूर्व सचिव चटौतले भने अनुसार आगामी असोज ९ गते हुने नगर तथा गाउँ अधिवेशनमा महिलाहरु नेतृत्वमा आउन सम्भावना न्यून छ। अहिलेसम्म कुनै पनि तहमा महिलाले नेतृत्वका लागि दाबी गरेका छैनन्।

स्थानीय तह अनुसार बेदकोट नगरपालिका १ मा अशोक भण्डारी, २ मा तारादत्त, ३ मा मोहन बहादुर गुरुधामी, ४ मा नरेन्द्र बहादुर बोहरा, ५ मा चित्रदेब भट्ट, ६ मा जयदत्त जोशी, ७ मा राम सिह मार्कड, ८ मा दल बहादुर विष्ट, ९ राज बहादुर ऐडी र १० मा गणेश प्रसाद बोहरा सभापति भएका छन्। बेदकोट कांग्रेस जिल्ला सभापति हरि प्रसाद बोहरा र केन्द्रीय सदस्य रमेश लेखको गृह नगर हो।

कांग्रेस नेता दिवान सिंह विष्टको गृह नगर बेलौरीमा आदिवासी जनजाति समुदायका ५ जना वडा समितिको नेतृत्वमा आएका छन्।

बेलौरी नगरपालिका १ मा किसन पन्त, २ मा राज बहादुर चौधरी, ३ मा सुब्बा राना, ४ मा कृष्ण बहार चन्द, ५ मा जित बहादुर चौधरी, ६ टेक बहादुर ओली, ७ मा प्रकाश श्रेष्ठ, ८ मा मदन सिह ऐरी, ९ मा किसन सिह राना र १० मा शेर सिह थापा सभापति भएका छन्।

बेलडाँडी गाउँपालिका १ मा रण बहादुर विष्ट, २ मा मदनराज भट्ट, ३ मा बलराम डगौरा, ४ मा धन बहादुर रोकाया र ५ मा हेमराज राना सभापति भएका छन्। भीमदत्त नगरपालिका कांग्रेस सचिव दिवाकर पाण्डेयको गृह नगर हो। कांग्रेस केन्द्रीय सदस्य पूर्व मन्त्री लेखक २०५६ देखि भीमदत्तसहितको क्षेत्रबाट सांसदको चुनाव लड्दै आएका छन्। पूर्व केन्द्रीय सदस्य एनपी साउँद, पूर्व मन्त्री तारणी प्रसाद चटौत, नेता पदम बोगटीको गृह नगर हो। भीमदत्तका १९ वडामा पनि सबै पुरुष सभापति आएका छन्। भीनपा १ मा प्रमानन्द जोशी, २ मा उत्तम प्रसाद भट्ट, ३ मा शरन शाही, ४ मा नारायणदत्त पनेरु, ५ मा दिपलि खड्का, ६ मा प्रकाश बहादुर चन्द, ७ मा गणेश भट्ट, ८ मा मदनराज मिश्र, ९ शेर सिह विष्ट, १० मा गोकुलराज जोशी, ११ मा मनिराम रावत, १२ मा पूर्ण बहादुर सिह क्षेत्री, १३ मा विष्णु बहादुर सिह, १४ मा गम्भीर सिह ऐडी, १५ मा भीमदत्त भट्ट, १६ मा केशव सिह विष्ट, १७ पदम सिह बुढा, १८ मा राजेन्द्र केसी १८ र १९ मा धिर बहादुर पाल सभापति भएका छन्।

दोधारा चाँदनी नगरपालिका सबै १० वडामा पुरुष सभापति छन्। वडा नं. १ मा अमर बहादुर बम, २ मा कमलापति भट्ट, ३ मा तेज सिह थापा, ४ मा महाबीर चन्द, ५ मा हजारी चन्द, ६ मा तुलाराज शाही, ७ मा सुशिल राना मगर, ८ मा टिकाराम उपाध्यय, ९ मा पदम बहादुर रावत र १० मा चन्द्र बहादुर सिंह सभापति छन्।

कृष्णपुर नगरपालिका १ मा बालकृष्ण खनाल, २ मा रमेशराज भाट, ३ मा ईश्वरराज खाती, ४ मा दुलब सिह भण्डारी, ५ मा सुरेन्द्र बहादुर बोहरा, ६ मा देब बहादुर ओड, ७ मा हरि बहादुर गैराल, ८ मा अमर बहादुर विष्ट र ९ मा कैलाश बहादुर बलायर सभपाति भएका छन्।

लालझाडी गाउँपालिकाका ६ वडामध्ये ४ मा आदिवासी जनजाति समुदायको हातमा वडा नेतृत्व परेका छन्। कांग्रेस नेता गोपाल गुरुङ्गको लालझाडीमा बलियो पकड मानिन्छ। लालझाडी १ मा राजीव राना, २ मा घुम्मन राना, ३ मा रोहित सिह बडायक, ४ मा प्रवेश राना, ५ मा जय बहादुर विष्ट र ६ मा गोपाल चन्द सभपाति भएका छन्।

पुनर्वास नगरपालिका १ मा घुम्मन राना, २ मा राजेन्द्र सिह साउँद, ३ मा बुद्धिमाया तामाङ्ग, ४ मा शरद प्रसाद बास्तोला, ५ मा सिताराम खड्का, ६ मा जित बहादुर तामाङ्ग, ७ मा बुद्धिमान तामाङ्ग, ८ मा रघुनाथ ओझा, ९ मनिराज खाती र १० मा चेत बहादुर विष्ट र ११ मा प्रदिप सिह सभापति छन्।

शुक्लाफाँटा नगरपालिकामा कांग्रेसका नेता दिल बहादुर ऐर मेयर छन्। वडा नं. १ मा सुवर्ण बहादुर विष्ट, २ मा विष्णुदत्त पनेरु, ३ मा भीम बहादुर डगौरा, ४ मा सुग्रिव राना, ५ मा भरत बहादुर भण्डारी, ६ मा दल बहादुर खाती, ७ मा अर्जुन सिह मल्ल, ८ मा पूर्ण सिह हमाल, ९ मा चक्र बहादुर ऐर, १० मा केशवदत्त अवस्थी, ११ मा टेक बहादुर भण्डारी र १२ मा केशवराज पाण्डेय सभापति छन्। बेदकोट नगरपालिकाको ८ नम्बर वडा बाहेक शुक्लाफाँटा र कृष्णपुर नगरपालिका निर्वाचन क्षेत्र नं. २ मा पर्छन्। यस क्षेत्रबाट कांग्रेसका पूर्व केन्द्रीय सदस्य एनपी साउँद र पूर्व जिल्ला सभापति बहादुर सिह थापा चुनाव लड्दै आएका छन्।

## सुनसरी डायरी
तेजबहादुर बन/मध्यान्ह

# कांग्रेस अधिवेशन : वडामा महिला तथा दलितको नेतृत्व शुन्य



नेपाली कांग्रेसको १४ औं महाधिवेशन अन्तर्गत इटहरीमा यहि भदौ २१ गते सम्पन्न वडा अधिवेशनले वडामा नयाँ समिति चुनिएपनि दलित एवम् महिलाहरूको नेतृत्व भने शुन्य देखिएको छ। २० वटा वडाहरू रहेको सुनसरीको इटहरी उपमहानगरमा अधिकांश वडाहरूले सहमतिको आधारमा नया नेतृत्व चयन गरेका छन् तर चुनिएका २० वटा वडाका नेतृत्वमा महिला तथा दलितको सहभागिता शुन्य देखिएको छ।

उपमहानगरको कुन पनि वडाहरुमा दलित तथा महिलाहरुले पार्टीको नेतृत्व गरेका छैनन्। अझैपनि सामान्य कार्यकता सरह वडामै खुम्चिन बाध्य बनेका छन्।

अन्य वडाहरुको तुलनामा नेपाली कांग्रेसले नै विजय हासिल गरेको क्षेत्रहरुको स्थिति नियाल्ने हो भने सोही क्षेत्रहरुमा समेत महिला तथा दलितहरुको उपस्थिति निकै न्यून देखिएको छ।

इटहरीको वडा न ३, ६, ७, ८, १०, १२, २० नेपाली कांग्रेसको मुख्य क्षेत्र मानिएपनि सोहि वडामा महिला तथा दलितको उपस्थिति न्यून देखिएको छ। वडामा मात्र नभएर दलितहरूको उपस्थिति क्षेत्रीय स्तरमा पनि निकै कम देखिएको छ। प्रत्येका वडामा ५ जना महिला तथा दलित एवम् पिछडिएका वर्गलाई समेटेर समिति चयन हुनुपर्ने प्रावधान भएपनि अधिकांश वडाहरूमा त्यस्तो देखिएको छैन।

कांग्रेसकै मुख्य क्षेत्र इटहरीको वडा नं. ६ मा महिलाहरूको सहभागिता उत्साहजनक देखिएपनि नेतृत्वमा पहुँच देखिएको छैन। उक्त वडामा महिलाहरुको संख्या १३ जना देखिएपनि दलित र पिछडिएका वर्गको उपस्थिति देखिएको छैन।

त्यस्तै कांग्रेसले नै नेतृत्व गरेको वडा नं ३ मा पनि महिलाहरूको उपस्थिति न्यून देखिएको छ। सो वडामा ५ जना महिला निर्वाचित भएका छन्। जसमा दलित महिलाको उपस्थिति एक जनामात्र रहेको पाइएको छ।

४ नं वडामा वडा सभापतिसहित ४६ जना निर्वाचित भएका छन्। जसमा महिलाहरुको उपस्थिति १६ जना देखिएको छ। त्यसमा पनि दलितको उपस्थिति एक जना मात्र देखिएको छ। त्यस्तै वडा नं. ६ मा वडा सभापतिसहित ३८ जना निर्वाचित भएका छन्। जसमा महिलाहरुको उपस्थिति १३ जना देखिएको छ। त्यसमा पनि दलितको सहभागिता एक जना मात्र देखिएको छ।

त्यस्तै कांग्रेसले नै नेतृत्व गरेको वडा नं.२० मा पनि दलित एवम् महिलाहरूको उपस्थिति न्यून देखिएको छ। उक्त वडामा एक वडा सभापति र ४४ जना क्षेत्रिय प्रतिनिधिमा निर्वाचित भएका छन्। जसमा महिलाको सहभागिता १४ जना रहेको छ भने दलित एकजना पनि सहभागि देखिएका छैनन्।

प्रतिशतको हिसाबले महिलाहरुको उपस्थिति ३३ प्रतिशत देखिएपनि कांग्रेसले नै नेतृत्व गरेको वडाहरुमा महिलाहरुले नेतृत्व नपाउनुले पार्टीभित्र अझैपनि विभेद रहिआएको आशंका पलाएको छ।

स्थानीय निर्वाचनपछि इटहरी उपमहानगरमा नेपाली कांग्रेसले ८ वटा वडाहरुमा भारी मत ल्याएर विजयी हासिल गरेको थियो।

२० वटा वडाहरुमा कांग्रेसले अधिवेशन सम्पन्न गरेपनि बलियो पकड भएको वडाहरुमा महिला र दलितले नेतृत्व नपाउनुले पार्टीभित्र विभेद कायम रहेको छ भन्ने आशंका पलाएको छ।

# ब्राउन सुगरसहित इटहरीबाट दुई जना पक्राउ




पूर्व पश्चिम राजमार्ग अन्तर्गत सुनसरीको इटहरीबाट अवैध लागुऔषध ब्राउन सुगरसहित दुई जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेमा झापाको गौरीगंज गाउँपालिका २ का २७ वर्षीय आइतबारी हस्दा र बिहारको किसनजंग थाना दिलग बैंक ग्राम पञ्चायन १ का २२ वर्षीय सुरज साह रहेको इलाका प्रहरी कार्यालय इटहरीले जनाएको छ।

उनीहरूलाई इटहरीको मिलन चोकबाट नियन्त्रणमा लिइएको इटहरी प्रहरीले जनाएको छ। प्रहरी चेकिङलाई देखेर तर्किन खोजेपछि शंका लागि चेकजाँच गर्ने क्रममा प्रतिबन्धित ब्राउन सुगर भेटिएको र तत्काल नियन्त्रणमा लिन सफल भएको इटहरी प्रहरी प्रमुख डिएसपी अर्जुन केसीले मध्यान्हलाई जानकारी दिए। पक्राउ परेका दुवै जनालाई बुधबार जिल्ला अदालत सुनसरीबाट एक हप्ताको म्याद थप गरी आवश्यकीय अनुशन्धान अघि बढाइएको इटहरी प्रहरीले जनाएको छ।

## सम्पादकीय

# गठबन्धको बन्धक

नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवा प्रधानमन्त्री नियुक्त भएको दुई महिना पूरा भएको छ । गएको २८ असारमा प्रतिनिधिसभा पुनर्स्थापना भएपछि देउवा प्रधानमन्त्री भएका थिए । ६ जेठमा संसद्का बहुमत सदस्यले हस्ताक्षर गरी प्रधानमन्त्रीमा समर्थन गरेको आधारमा सर्वोच्च अदालतले देउवालाई नियुक्त नियुक्त गर्न आदेश दिएको थियो । अदालतको परमादेशअनुसार, देउवा २९ असारमा देउवालाई राष्ट्रपति विद्यादेवी भण्डारीले प्रधानमन्त्री नियुक्त गरिन् । सँगै नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली पदमुक्त भएका थिए । तर देउवा प्रधानमन्त्री नियुक्त भएको दुई महिना नाघिसक्दा पनि मन्त्रिपरिषद् समेत बिस्तार गर्न सकेका छैनन् । जबकी सरकारको सय दिनलाई हनिमुन अवधि मानिन्छ । त्यो अवधिमा सरकारलाई साथ दिने नै सामान्यतया प्रचलन छ । तर वर्तमान सरकारले भने दुई महिना नाघिसक्दा आफूलाई पूर्णता दिन समेत सकेको छैन ।

यो दुई महिना प्रधानमन्त्री देउवालाई चार मन्त्री र एक राज्यमन्त्रीको भरमा चलाए । देउवाको मन्त्रिपरिषद्मा बालकृष्ण खाँण गृह, जनार्दन शर्मा अर्थ, पम्फा भुसाल उर्जा र ज्ञानेन्द्रबहादुर कार्की कानून मन्त्री छन् । उनीहरूले प्रधानमन्त्री देउवासँगै शपथ लिएका थिए । पछि १० साउनमा उमेश श्रेष्ठलाई प्रधानमन्त्री देउवाले स्वास्थ्य राज्यमन्त्री नियुक्त गरे । प्रधानमन्त्रीले ६३ दिनसम्म मन्त्रिपरिषद्लाई पूर्णता दिन नसक्नुको प्रमुख कारण भने गठबन्धन बीच शक्ति सन्तुलन मिलाउन नसक्नु हो । प्रधानमन्त्री देउवालाई काँग्रेस, नेकपा माओवादी केन्द्र, जनता समाजवादी पार्टी (जसपा), नेकपा (एकीकृत समाजवादी) र राष्ट्रिय जनमोर्चाले समर्थन दिएको छ । तर नेकपा एमालेबाट अलग भएर बनेको एकीकृत समाजवादीसँग जोडिएको मुद्दामा सर्वोच्चले फैसला सुनाएको छैन । प्रधानमन्त्री देउवाले बाँकी मन्त्रीहरू एकैपटक नियुक्त गर्ने मनोविज्ञानमा छन् ।

अर्थात् मुलुक कोरोना महामारी, भू-राजनीतिक समस्या लगायतका कारणले असाधरण परिस्थितिमा छ । यस्तो बेला विभागीय मन्त्रीहरूको भूमिका महत्वपूर्ण हुन्छ । मन्त्रालयले विभागीय नेतृत्व पाउन सकेको छैन । प्रधानमन्त्री देउवा आफैले १७ मन्त्रालय चलाइरहेका छन् । यसले मुलुक र नागरिक माथि असर परिररहेको छ । तर प्रधानमन्त्री देउवा भने संसद्मा बहुमत कायम राख्ने प्रयत्नअनुरूप सरकारलाई पूर्णता दिन सकिरहेका छैनन् । अझ विनियोजन विधेयक पारित नहुँदा राज्यकोषबाट सरकारले खर्च गर्न समेत रोकिएको छ । अर्थात् मुलुकको नेतृत्व गर्नुपर्ने गठबन्धन सरकारबाट अझै मुलुक नै बन्धक हुने परिस्थिति बनेको छ ।

## सामाजिक सञ्जाल



बजेटको गोप्यता चुहाएर जागिरबाटै भागेका भगौडा सचिवले मिडियामा आएर बजेट होलिडेको जिम्मेवार एमाले हो भन्दै कम्फर्टेबल बचाउ गर्दै रैछन् । जे होस् मिडिया र विज्ञ म्यानेज गर्न सके सरकारको दोष पनि प्रतिपक्षीलाई थोपरेर अग्रगमन ल्यान सकिने रैछ । धन्न कांग्रेस, साझा, नयाँ शक्ति चाखेका पुर्व अर्थसचिव ।

- **अस्मिता थापा**



माओवादी पार्टीलाई विघटन वा भंग गर्नेसम्मको प्रचण्डको अभिव्यक्ति आएको छ । पहिलो स्थानबाट आफ्नै नेतृत्वमा उनको पार्टी किन सुकेनास ग्रस्त बन्यो भन्ने कुरा निर्मम समीक्षाको विषय हो । सायद जातीय र क्षेत्रीय दृष्टिकोण नै मुख्य समस्या हुनसक्छ । अन्यथा विघटन नै अनिवार्य नियति हो ।

- **बाबुलाल भण्डारी**




जब-जब खेतिको समय आउँछ, मलको हाहाकार हुन्छ । समयमै यथेष्ट मात्रामा मलसम्म झिकाउन नसक्ने नालायकहरू किन सत्ता ओगटछौ ? बर्षौंदेखि उहि समस्या दोहोरिन्छ । आखिर कृषि प्रधान देशमा एउटा मल कारखाना खोल्न कसले छेकेको छ ? मलको नाममा सधैं ब्रम्हलुट गर्ने माफियाले ? त्यसै हो भने राज्य के-का लागि ?

- **सालिक वाग्ले**



यो परमाङ्गी सरकारको आलोचना गर्दा पनि अगाध प्रशंसा गरेको ठहर्छ । डंका पिट्नु पर्दैन, मन्त्रिपरिषद बिस्तार नगरेर राष्ट्रिय ढुकुटी बचाउँदैछन् देउवा । २५ पुगाए पनि ढंगअनुसार गरिने यति नै हो । देउवाले यसै काङरेस सके उसै कांग्रेस सके अब कांग्रेसको जरा घोट्ने दाहाल-नेपाललाई गाला रन्काउछन् त्यत्ति हो ।

- **गोविन्दकुमार थापा**



नकमाउने वा कम कमाउनेलाई कर तिर्न जबर्जस्ती गर्ने बढी कमाउनेहरू वा ठुला घरानालाई कर छुट बिडम्वना । अर्को तर्फ स्वेच्छाले कर तिर्न पनि सर्वसाधारणलाई दलाल र बिचौलियाको भर पर्नुपर्ने बाध्यता छ । खरिद स्रोतअनुसार कर निर्धारण गर्ने सिस्टम भए करदातालाई हिसाबको सहजता हुन्थ्यो कि !

- **कृष्ण अर्याल**

### लेखक तथा पाठकवर्गमा अनुरोध

तपाईसँग सार्वजनिक सरोकारका विषयमा कुनै लेख, अनुभव वा प्रतिक्रिया छन् भने सरल भाषाशैलीमा लेखेर पठाउनु होला । समसामयिक तथा सार्वजनिक चासोको विषयलाई हामी उचित स्थान दिने छौं । कसैप्रति पूर्वाग्रह राखेर पठाइएका सामाग्री प्रकाशन गर्न बाध्य हुने छैनौं ।

मध्यान्ह राष्ट्रिय दैनिक
इमेल: article.madhyanhadaily@gmail .com

# नवसामन्त वर्ग र कम्युनिष्ट राजनीति

आगामी दिनमा थुप्रै नेताहरुलाई भेटघाट गरेर समस्या राख्दै समाधानको पहलका लागि अपिल गर्ने कार्यक्रम समेत रहेको शर्माले जानकारी दिए । सोही मागपत्र लिएर केही दिनमा संचारमन्त्रालय समेत प्रधानमन्त्री शेरबहादुर देउवा, सत्तारुढ जनता समाजवादी संघीय परिषद अध्यक्ष बाबुराम भट्टराई र राष्ट्रिय अध्यक्ष उपेन्द्र यादवलाई पनि भेट्ने कार्यक्रम रहेको छ ।

"मर्यादित व्यवसाय र प्रविधिमा सहकारी"

**हेल्लो कञ्चनजंघा बचत तथा ऋण सहकारी संस्था लि. को प्रधान कार्यालय स्थानान्तरण सम्बन्धी सूचना**

प्रस्तुत विषयमा मिति २०६६।०७।१५ गते डिभिजन सहकारी कार्यालय, काठमाडौंमा (दर्ता नं. २६५३।०६६।०६७) दर्ता भई का.म.न.पा, न्युरोडबाट संचालित हेल्लो कञ्चनजंघा बचत तथा ऋण सहकारी संस्था लि. को अनुरोध पत्र बमोजिम भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, सहकारी महाशाखा, बागमती प्रदेश, हेटौंडा मकवानपुरबाट मिति २०७८।०५।२८ गते च.नं २२५ को स्वीकृत पत्र बमोजिम संस्थाको ल.पु.मा.न.पा, वडा नं. ०५ लगनखेलको स्वीकृत सेवा केन्द्रलाई केन्द्रीय (प्रधान) कार्यालयको रुपमा परिणत गरि संचालन गर्ने र का.म.न.पा २३, धर्मपथ, न्यूरोडबाट संचालित केन्द्रीय (प्रधान) कार्यालयलाई, सदस्य सेवा केन्द्र कायमगरि सन्चालन गर्ने व्यहोरा सम्पूर्ण सदस्य महानुभावहरु तथा सरोकारवाला निकायमा जानकारी गराईन्छ ।

केन्द्रीय कार्यालय : ललितपुर महानगरपालिका, वडा नं. ५, नँु पोखरीसँगै लगनखेल, ललितपुर
सदस्य सेवा केन्द्र : धर्मपथ-२३, न्युरोड काठमाडौं ।
स्वीकृत सेवा केन्द्र : महाराजगंज, काठमाडौं ।

राधाकृष्ण थापा
सूचना अधिकारी
हेल्लो कञ्चनजंघा साकोस, फोन नं.: ०१-४२६५८११, ०१-४२२४१८८
इमेल: hellokanchanjungha@gmail.com

**UAE मा रोजगारको अवसर** | कम्पनी : MIDDLE EAST BUILDING SECURITY LLC
शहर: UAE

पूर्व स्वीकृत मितिः २०७८/०५/३० चलानी नं.: ६०१६३०६६ LT. No.: 245770

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 35 | 15 | सम्बन्धित काममा दक्ष | 1200 | ३८,४१२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cleaner | 20 | 15 | | 800 | २५,६०८ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ असोज ७ गते (23 September 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत पत्र नं. ५५३/०६७/०६८

**Perfect Recruiting Service Pvt. Ltd.**
P O Box No: 3031, Prayas Nagar, Tokha-7, Kathmandu, Nepal
Tel : 4350764, 4387640, Fax : 4360220, Email: info.perfectrecruiting@gmail.com

# 'सीता'मा कंगना



**काठमाडौं/एजेन्सी-** केवी विजयेन्द्रप्रसाद लिखित र अलौकिक देसाईको निर्देशनमा बन्न लागेको चलचित्र 'द इन्कार नेसन-सीता' निर्माण अगावै चर्चामा आएको चलचित्र हो । यो चलचित्रमा सीताको भूमिकाका लागि अभिनेत्री करिना कपुरलाई अफर गरिएको थियो ।

यद्यपि उनले १२ करोड पारिश्रमिक माग गरेपछि निर्माताहरू अर्को अभिनेत्रीको खोजीमा लागेको खबर आएको थियो ।

अन्ततः निर्माता टिमले सीताको भूमिकामा अभिनेत्री फाइनल गरेको छ । नवभारत टाइम्सका अनुसार यो भूमिकाका लागि अभिनेत्री कंगना रनौत 'कन्फर्म' गरिएको छ । यो खबरलाई पुष्टि गर्दै चलचित्रको निर्माण गरिरहेकी एसएस स्टुडियोको निर्मात्री सलोनी शर्मा भन्छिन्, 'एक महिलाको नाताले म कंगनालाई स्वागत गर्न पाउँदा निकै खुसी छु । चलचित्र 'द इन्कारनेसन सीता' मा कंगनाले भारतीय महिलाको निडर छवि दर्शाउने छिन् ।'

यता अभिनेत्री कंगनाले पनि चलचित्रको पोस्टर सेयर गर्दै यसबारे जानकारी दिएकी छन् । कंगना लेख्छिन्, 'सीता रामको आर्शिवादको साथमा चलचित्र 'द इन्कारनेसन सीता' मा टाइटल भूमिका पाएकोमा र प्रतिभावान टिमसँग काम गर्न खुसी छु । जय सिता राम !'

हुन त बाहुबलीसमेत लेखेका लेखक केवीले यसअघि नै उनले यो चलचित्र अभिनेत्री कंगनालाई ध्यानमा राखेर लेखेको उल्लेख गरिसकेका थिए । अभिनेत्री कंगनाको लामो प्रतीक्षापछि हालै चलचित्र 'थलाइवी' रिलिज भइसकेको छ ।

# छायांकनका लागि मनाङको अवलोकनमा बलिउडकर्मी



**मनाङ/रासस-** कोभिड-१९ र गत असार १ मा आएको बाढीपहिराका कारण आवतजावत ठप्प रहेको हिमाली जिल्ला मनाङमा बलिउड चलचित्र छायांकन हुने भएको छ । बलिउडको प्रख्यात राजश्री प्रोडक्सनको ब्यानरमा छायांकन हुन लागेको चलचित्र 'उचाई'को छायांकन गरिने भएको हो ।

चलचित्रको छायांकनका लागि स्थल अवलोकन गर्न निर्माता निर्देशक सुरज बडाजात्याको टोली अल्टिच्युड एयरको दुई वटा हेलिकप्टरबाट मनाङ आए । निर्माता, निर्देशकको टोली दुई दिन मनाङमै बसेर चलचित्र छायांकनका लागि विभिन्न स्थानको अवलोकन गरेका छन् । सो टोलीले माथिल्लो मनाङको ङिस्याङ गाउँपालिका वरपरका विभिन्न स्थानको अवलोकन गरेका छन् । दुई दिनको अवलोकन पश्चात् टोली बुधबार काठमाडौं फर्किएर सगरमाथा आधारशिविरमा पनि छायांकनका लागि स्थलगत अवलोकन गर्न गएको नेपालका लागि थ्री विलर्स फिल्मस्का अध्यक्ष लाइन प्रोड्युसर सुरज अचार्यले जानकारी दिए ।

उनका अनुसार मनाङ छायांकनका लागि निकै उपयुक्त स्थान रहेको छ । मनाङमा करिब १० दिन सो फिल्मको छायांकन हुने मनाङका पर्यटन व्यवसायी विनोद गुरुङले बताए । मनाङ जिल्लालगायत नेपालको अन्य विभिन्न स्थानमा सो फिल्मको छायांकन गरिने बताइएको छ । यस चलचित्रमा अमिताभ बच्चन, अनुपम खेर, डेनी डेन्जोङ्पा, सारिका, बोमन ईरानी, परिणिती चोपडा आदि कलाकारको मुख्य भूमिका रहनेछ । दुई साता अगाडि पनि यो टोलीले जोमसोम, कागबेनी, लुक्ला, नाम्चे बजार र लाङटाङ क्षेत्रको अवलोकन गरिसकेको छ । यस चलचित्र छायांकनले कोरोनाका कारण थला परेको यहाँको पर्यटन व्यवसायलाई सहयोग पुग्ने र चलचित्र प्रदर्शन पश्चात् मनाङमा भारतीय पर्यटकको आकर्षण बढ्नसक्ने अनुमान गरिएको पर्यटन व्यवसायी गुरूङले बताए ।

# करिश्मालाई परीक्षाको तनाव

**काठमाडौं/मस-** कक्षा १२ को परीक्षा बुधबारबाट शुरु भएको छ । यसअघि दुईपटक स्थगित भएको परीक्षा बुधबारबाट फेरि शुरु भएको हो । नेपाली फिल्म क्षेत्रकी सदाबहार सुन्दरी अभिनेत्री करिश्मा मानन्धर पनि बुधबारबाट शुरु भएको परीक्षामा सहभागी भएकी छन् ।

कलेज ड्रेसमा सजिएर उनी बुधबार ११ बजे कक्षा १२ को परीक्षा दिन परीक्षा केन्द्र किटनी कलेज गोदावरी पुगेकी थिइन् । उनले अध्ययन पनि सोही कलेजबाट गरेकी हुन् । परीक्षा केन्द्र पनि उनको त्यही परेको छ ।

अहिलेको समय परीक्षा हुँदा केही अप्ठ्यारो महसुस भइरहेको उनले बताएकी छन् । अभिनय, व्यवसाय विभिन्न कामले धेरै ब्यस्त भएको कारण करिश्माले यो पटकको परीक्षामा धेरै तयारी गर्न सकेकी छैनन् ।

केही दिनको तयारीमा आफु परीक्षा दिन आएको उनले बताइन् । 'यो पटकको परीक्षामा धेरै तयारी गर्न सकेको छैन' करिश्माले भनिन् 'सहि तरिकाले तयारी गर्ने हो भने थोरै समय पनि लाभदायक हुँदो रहेछ ।'

मंगलबारसम्म सुटिङमा रहेकी करिश्माले परीक्षाको कारण बुधबारबाट ८ असोजसम्मका लागि सबै काम स्थगित गरेकी छन् । मेजर अंग्रेजी विषय लिएर अध्ययन गरिरहेकी करिश्माले कोरोनाले कलेज छुटाएकोले लेखनमा गाह्रो हुने हो कि भन्ने अनुमान गरिन् ।

कलेज परीक्षामा केही राम्रो रिजल्ट ल्याउनुपर्ने प्रेसर समेत उनलाई रहेको छ । सोही कारणले पनि आफु रातभर पटक पटक ब्यूँतिएर सुत्न नसकेको करिश्माले सुनाइन् । अभिनयको अलवा समाजसेवामा समेत सक्रिय उनले केही अगाडि आफुलाई राजनीतिबाट अलग राखेकी थिइन् ।

**Isma Rural Municipality**
**Office of the Rural Municipal Executive**
Ismarajasthal, Gulmi

**INVITATION FOR BIDS**

**First Date of Publication: 16th Sep, 2021 (31th Bhadra, 2078)**

1. Isma Rural Municipality, Gulmi invites electronic bids from Nepalese eligible bidders for the Construction and Upgrading of following work under National Competitive Bidding (NCB) procedure.

| Contract Identification No. | Description of work | Estimated Amount including VAT and PS. | Bid Security Amount | Bid Validity Period after Bid Opening |
|---|---|---|---|---|
| OIRM/GUL/NCB/078/79-06 | Upgrading and Construction of Kauchhe, Ratapokhara,Fedifat,Thaddunga,Ujung Road of Isma Rural Municipality | 59,96,441.22 | 1,50,000.00 | 90 Days |
| OIRM/GUL/NCB/078/79-07 | Upgrading and Construction of Sirfu, Bagkhor, Maldi, Harpukot, Maldi, Nisti Road of Isma Rural Municipality-1. | 5,982,938.35 | | |
| OIRM/GUL/NCB/078/79-09 | Construction of Dotegaraha Deurali Lifting Khanepani Ward No.-4 of Isma Rural Municipality. | 59,91,940.98 | | |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Isma Rural Municipality, Ismarajasthal Gulmi or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp, Bidders, submitting their bid electronically, should deposit the cost of bidding document NRs. 3,000.00 (Non-refundable) in the Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
Name of the Bank: Bank of Kathmandu Ltd.
Branch: Isma, Gulmi
Name of Office: Isma Rural Municipality Gulmi
Office Account no.: 018100000351524 Rajaswa (Antarik Rajaswo Khata)
4. Pre-bid meeting shall be held.
5. Only electronic bids must be submitted through PPMO website www.bolpatra.gov.np/egp on or before 12:00 hrs. of 18th Oct, 2021 (1st Kartik, 2078). Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 14:00 hrs. of 18th Oct, 2021 (1st Kartik, 2078) at the Office of Isma Rural Municipality,Ismarajasthal,Gulmi. Bid Security in the form of cash should be deposited in the Deposit account A/C No.: 018100000054524, Account Name: Isma Rural Municipality Gulmi, Bank name: Bank of Kathmandu Ltd., Isma, Gulmi.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. If a bidder submits above several successful (lowest evaluated substantially responsive) bids for the above contracts, the evaluation will also include an assessment of the bidder's capacity to meet the aggregated requirements regarding: Experience, Financial Situations, Cash flow capacity, Equipment to be allocated and Personnel to be fielded.
9. The person, firm or company black listed as per Public procurement Act-2063 with amendment, shall be ineligible to submit the bid and also the proprietor of such firm or company shall be ineligible to submit the bid from another new firm or company.
10. Matters not covered by this notice shall be in accordance with Public Procurement Act-2063 with amendment and Public Procurement Regulations 2064 with amendment and other prevailing regulations

**Chief Administrative Officer**

# क्लब भलिबल च्याम्पियनसिप असोज १० गतेदेखि

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३० भदौ

छैठौं एनभीए राष्ट्रिय महिला तथा पुरुष क्लब भलिबल च्याम्पियनसिप असोज १० देखि १६ गतेसम्म आयोजना हुने भएको छ।

नेपाल भलिबल संघले बुधबार काठमाडौंमा एक कार्यक्रमको आयोजना गर्दै क्लब भलिबल प्रतियोगिताको मिति सार्वजनिक गरेको हो ।

प्रतियोगितामा पुरुषतर्फ १२ टिमको सहभागिता रहनेछ भने महिलातर्फ ६ टिमको सहभागिता रहने छ ।

प्रतियोगिताको प्रथम हुने टिमले ४ लाख, दोस्रो हुने टिमले २ लाख र तेस्रो हुने टिमले १ लाख पुरस्कार पाउनेछन् । यस्तै प्रतियोगिताको उत्कृष्ट पुरुष/महिला




खेलाडीले जनही २५/२५ हजार पुरस्कार प्राप्त गर्नेछन् । दुबै विधाका उत्कृष्ट सर्भर, लिबेरो, ब्लकर, स्पाइकर, सेटर र प्रशिक्षकले जनही १०/१० हजारका दरले पुरस्कार पाउनेछन् ।

यसका साथै यस प्रतियोगिताबाट उत्कृष्ट ७ वटा पुरुष र ५ महिला टिमलाई चैतमा आयोजना हुने छैठौं एनभीए महिला तथा पुरुष भलिबल लिगमा सहभागि गराइने छ ।

पुरुषतर्फ टिपटप हेल्प नेपाल स्पोर्टस क्लव, नेपाल प्रहरी, नेपाली सेनाको त्रिभुवन आर्मी क्लब, एपीएफ क्लब, ढोरपाटन स्पोर्टस क्लब, गण्डकी प्रदेश, गल्कोट स्पोर्टर्स क्लब, मणिमुकुन्द भलिबल क्लब, बागमती प्रदेश, दावाली मिलन क्लब, नयाँ बाजर सामाजिक क्लब र कर्णाली प्रदेश गरी १२ टिमको सहभागिता रहेको छ ।

यसैगरी महिलातर्फ होङवाङजी न्यू डायमण्ड क्लब, नेपाल प्रहरी, नेपाली सेनाको त्रिभुवन क्लब, एपीएफ क्लब, एभरेष्ट क्लब बुटवल, ढोरपाटन स्पोर्टस क्लब गरी ६ टिमको सहभागिता रहने छ। नेपाल भबिलल संघका महासचिव जितेन्द्र बहादुर चन्दले असोज ६ सम्म टिम दर्ता गर्ने म्याद रहेकाले टिम संख्या बढ्न सक्ने बताएका छन् ।

# बर्लिन म्याराथनमा महर्जनले सहभागिता जनाउने



**काठमाडौं, मस–** विश्व प्रसिद्ध म्याराथन मध्येको एक बर्लिन म्याराथनमा धावक धर्म महर्जनले सहभागिता जनाउने भएका छन् । त्यसका लागि महर्जन बिहीबार जर्मनीको बर्लिन प्रस्थान गर्दै छन् ।

बैकुण्ठ मानन्धर खेलकुद नेपाल र गजराज जोशी मेमोरियल ट्रष्टले संयुक्त कार्यक्रम आयोजना गरी बुधबार बिदाइ गरे । महर्जनलाई अखिल नेपाल फुटबल संघका पूर्व अध्यक्ष गणेश थापा, दक्षिण एसियाली खेलकुद (साग) का कीर्तिमानी म्याराथन धावक बैकुण्ठ मानन्धर, पूर्व धावक एवं गीतकार बुद्धिवीर लामा, ट्रष्टका अध्यक्ष मनीषराज जोशीलगायतले बिदाइ गरे ।

महर्जनले सेप्टेम्बर २६ तारिखमा हुने बर्लिन म्याराथन (४२.१९५ किलोमिटर) मा प्रतिस्पर्धा गर्ने छन् । महर्जन सहभागी हुने ४५ वर्षमाथिको उमेरसमूहको म्याराथनमा करिब १० हजार धावकको सहभागिता रहने बताइएको छ ।

महर्जनको यो समग्रमा ९ औं अन्तर्राष्ट्रिय सहभागिता हो । यसअघि उनले अमेरिका, थाइल्यान्ड, जापान, नेदरल्यान्ड र चीनमा विभिन्न दूरीको दौडमा सहभागिता जनाइसकेका छन् । त्यसमा जापानमा भएको १८ औं एसियाली मास्टर्स च्याम्पियनसिपमा महर्जनले कांस्य जितेका थिए । जुन उनको करियरकै सबैभन्दा ठूलो उपलब्धि हो । महर्जनले तीन राष्ट्रिय एथलेटिक्स प्रतियोगिताको फुल म्याराथनतर्फ सहभागिता जनाइसकेका छन् ।

महर्जनले बर्लिन म्याराथनमा २ घण्टा ४५ मिनेटमा दौड पूरा गर्ने लक्ष्य रहेको बताउदै सहभागिताका लागि सहयोग गर्ने सबैप्रति आभार प्रकट गर्दै धन्यवाद दिए । उनका अनुसार कीर्तिपुर नगरपालिकाले ५० हजार, कीर्तिपुर खेलकुद समाजले २१ हजारसहित व्यक्तिगत रुपमा पनि सहयोग प्राप्त भएको जानकारी दिए ।

बिदाइ कार्यक्रममा पूर्व अध्यक्ष थापाले २५ हजार तथा ट्रष्टका अध्यक्ष जोशीले ५ हजार आर्थिक सहयोग उपलब्ध गराए । बैकुण्ठ मानन्धर खेलकुद नेपालले पनि महर्जनलाई आर्थिक सहयोग प्रदान गरेको थियो । ट्रष्टका अध्यक्ष जोशीले महर्जनले उत्कृष्ट प्रदर्शन गरेको खण्डमा नगद पुरस्कारसहित पुरस्कृत गर्ने प्रतिबद्धता जनाए ।


**साउदीमा रोजगार** | १. कम्पनी: FAST TRACKS TRADING & TRANSPORTATION COMPANY शहर: RIYADH

पूर्व स्वीकृत मितिः २०७८/०५/१८ चलानी नं.: ६०१६२४०३ LT. No.: 244870 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Driver | 5 | 0 | स. काममा दक्ष | 1800 | ५६,४३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी: GLORIA INN HOTEL. शहर: RIYADH

पूर्व स्वीकृत मितिः २०७८/०५/३० चलानी नं.: ६०१६३०९१ LT. No.: 245660

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Dish Cleaner | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ३७,६२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | waiter | 1 | 0 | | 1400 | ४३,८९० | | | | | | | |
| 3. | hotel Room Service | 2 | 0 | | 1200 | ३७,६२० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०७८ असोज ७ गते (23 September 2021) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**लक्की एच.आर. सोलुसन प्रा. लि.**
श्रम इजाजत नं. ८७५/०६६/०६७
जावलाखेल, ललितपुर, नेपाल, फोन: ५५२०५६२, ५५५०६३४, ५५५५१४४, ५५५५१८०
Email- info@merocvs.com / info@luckyhrsolution.com



**साउदीमा रोजगार** | १. कम्पनी : MASHARY SAAD ABDUL RAZZAQ AL ABBASI FOOD STUFF EST. शहर: Jeddah

पूर्व स्वीकृत मितिः २०७८/०५/३० चलानी नं.: ६०१६३११० LT. No.: 245819

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | FACTOR | 3 | 0 | स. काममा दक्ष | 1000 | ३१,३५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी : SALEM ABDULAZIZ AL-ZAMAM TRANSPORT CORPORATION शहर: Saudi

पूर्व स्वीकृत मितिः २०७८/०५/३० चलानी नं.: ६०१६३१११ LT. No.: 245741

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | FACTOR | 2 | 0 | स. काममा दक्ष | 1000 | ३१,३५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ असोज ७ गते (23 September 2021) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | क.नं. १ को रु. १०,०००/- अन्यको नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**बिराट ओभरसिज इन्टरनेशनल प्रा. लि.**
Lic No.: 836/066/067
घर नं. २९, सिनामंगल-०९, काठमाडौं, फोन: ४११०९६०, ४११०९६२, डाइरेक्ट लाइन : ४११०७१२
Email: info@biratoverseas.com, biratoverseas2017@gmail.com | Url: www.biratoverseas.com



**कतारमा रोजगार** | कम्पनी: AFGHAN BROTHERS RESTAURANT शहर: DOHA

पूर्व स्वीकृत मिति: २०७८/०५/३० चलानी नं.: ६०१६३०९९ LT. No.: 245597

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Chef or Cook | 2 | 0 | सम्बन्धित काममा दक्ष | 2000 | ६४,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Waiter | 7 | 0 | | 1400 | ४५,२२० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ असोज ७ गते (23 September 2021) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसंग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**AAYUSH OVERSEAS PVT. LTD.**
Govt.Lic.No. 1341/074/075
Sinamangal-9, Kathmandu, Nepal, Tel.: 4484789, 4484468
E-mail : aayushoverseas123@gmail.com, Web.: aayushoverseas.com.np


**Government of Nepal**
**Ministry of Health and Population**
**Department of Health Services**
## National Public Health Laboratory
**Teku, Kathmandu**

## INVITATION FOR ELECTORNIC BIDS

**No: NPHL/G/NCB-3/2078-79**
**Procuremnt of Kits, Chemicals and Accessories**
**Date of Publication: 16th September, 2021**

1. Government of Nepal has allocated the fund and intends to apply part of the funds to cover eligible payments under the Contract for **Procurement of Kits, Chemicals and Accessories** Bidding is open to all eligible Bidders from all countries.

| S.N. | Package | Particulars | Price of Bid Document | Bid Security Amount | Bid Security Validity |
|---|---|---|---|---|---|
| 1 | 1 | Accessories | NPR 5,000.00 | NPR 5,77,000.00 | 15 Feb 2022 |
| 2 | 2 | Kits, Chemicals | | NPR 1,80,000.00 | 15 Feb 2022 |

2. The Ministry of Health and Population, Department of Health Services, National Public Health Laboratory invites sealed bids from eligible bidders for the procurement and supply of Kits, Chemicals and Accessories under National competitive bidding procedures specified in Public Procurement Act and Regulations.
3. Interested Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of the Department of Health Services, National Public Health Laboratory, , Teku, Kathmandu, Tel: 01 5352421 or, may visit e-GP System https://bolpatra.gov.np/egp.
4. Bidder shall purchase their bid electronically from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders should deposit of **NPR 5,000.00** the cost of bidding document in the following Rajaswa (revenue) account as specified below .
   Name of the Bank : **Rastriya Banijya Bank, Teku Kathmandu**
   Name of the Office : **National Public Health Laboratory**
   Office Code No. : **370013504**
   Office Account No. : **1-1-00-1**
   Revenue Head No. : **14229**
5. Electronic bids must be submitted to the Department of Health Servcices, National Public Health Laboratory through PPMO's e-GP system https://bolpatra.gov.np/egp on or before 12:00 on **18 Oct, 2021**.
6. Bids shall be opened in the presence of Bidders' representatives who choose to attend at **14:00 hour on 18 Oct, 2021** at the office of Department of Health Services, National Public Health Laboratory Teku Kathmandu. Bids must be valid for a period of **90 days** counting after the day of bid opening and all bids must be accompanied by bid security as mention above.
7. If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered the last day. In such a case the bid validity and bid security validity shall be recognized with effect from the original bid submission deadline.
8. In the case of discrepancies or error in bid documents, bid notice or any other document, the NPHL reserve the right to amend and correct at any time.
9. The address referred to above is:

**The Director**
**National Public Health Laboratory,**
**Department of Health Services**
**Teku, , Kathmandu.**
**Telephone: +977 1 5352421**


**CYPRUS र QATAR मा रोजगारको अवसर**

१. कम्पनी: ORTHODOXOU EMPLOYMENT BUREAU LTD. शहर: LARNACA

पूर्व स्वीकृत मितिः २०७७/०९/०२ चलानी नं.: ६०१५३८७६ L.T. No.: 235400 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Agricultural Worker / Labor | 5 | 10 | सम्बन्धित काममा दक्ष | 455 | ६३,१५८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Domestic Worker | 0 | 5 | | 315 | ४३,७२५ | | | | | | | |

२. कम्पनी: ALRADI TRAD. AND CONT. CO. शहर: DOHA

पूर्व स्वीकृत मितिः २०७८/०५/३० चलानी नं.: ६०१६३०५२ L.T. No.: 245800

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 7 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३२,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Blacksmith | 4 | 0 | | 1200 | ३८,७६० | | | | | | | |
| 3. | Carpenter | 4 | 0 | | 1200 | ३८,७६० | | | | | | | |

३. कम्पनी: JAMA PLASTIC FACTORY शहर: DOHA

पूर्व स्वीकृत मितिः २०७८/०५/३० चलानी नं.: ६०१६३०५४ L.T. No.: 245798

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 10 | 0 | स. काममा दक्ष | 1000 | ३२,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

४. कम्पनी: WISTERIA FACILITIES SERVICES शहर: DOHA

पूर्व स्वीकृत मितिः २०७८/०५/३० चलानी नं.: ६०१६३०५३ L.T. No.: 245799

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Gen Clean Worker | 0 | 11 | सम्बन्धित काममा दक्ष | 1000 | ३२,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Gen Bleach Worker | 0 | 4 | | 1000 | ३२,३०० | | | | | | | |
| 3. | Labour Services | 0 | 2 | | 1000 | ३२,३०० | | | | | | | |

५. कम्पनी: MBA CONTRACTING AND TRADING शहर: DOHA

पूर्व स्वीकृत मितिः २०७८/०५/१० चलानी नं.: ६०१६१९६३ L.T. No.: 244501 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 4 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३२,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Driver | 4 | 0 | | 1900 | ६१,३७० | | | | | | | |
| 3. | Gen Clean Worker | 1 | 0 | | 1000 | ३२,३०० | | | | | | | |
| 4. | Maint Technician | 1 | 0 | | 1200 | ३८,७६० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ असोज ७ गते (23 September 2021) मा हुनेछ ।**

६. कम्पनी: GULF ADDITIVE FACTORY शहर: DOHA

पूर्व स्वीकृत मितिः २०७८/०५/३० चलानी नं.: ६०१६३०५५ L.T. No.: 245797

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 8 | 0 | स. काममा दक्ष | 1000 | ३२,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ असोज ७ देखि ८ गते सम्म (23 to 24 September 2021) मा हुनेछ ।**

७. कम्पनी: TURNKEY TRADING CONTRACTING शहर: DOHA

पूर्व स्वीकृत मितिः २०७८/०५/३० चलानी नं.: ६०१६३०५१ L.T. No.: 245801

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Electric | 20 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ३८,७६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Mason | 10 | 0 | | 1200 | ३८,७६० | | | | | | | |
| 3. | Carpenter | 40 | 0 | | 1200 | ३८,७६० | | | | | | | |
| 4. | Reinforc Fitter | 10 | 0 | | 1200 | ३८,७६० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ असोज ७ देखि ११ गते सम्म (23 to 27 September 2021) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**रोयल इन्टरनेशनल ओभरसिज प्रा. लि.**
सामाखुसी-२९, काठमाडौं, श्रम ईजाजत नं. : १०३४/०७२/०७३
(रोयल वर्कफोर्स रिक्रुटिङ्ग कम्पनी प्रा.लि.)
Tel: 4385294, 4385295, 9801255512, Email: info.royal1034@Gmail.com

गो.हु.का.द.नं. ३३/०६९/०७०





**हिमाली गाउँ घुन्साका घर तथा होटल**
ताप्लेजुङको फक्ताङलुङ गाउँपालिका-६, कञ्चनजङ्घाको प्रवेशद्वार मानिने घुन्सावासीका घर तथा होटल ।
-तस्वीर : सन्तोष पुर्कुटी-रासस

# बजेट पास नहुँदाको असर शेयर बजारमा

## नेप्सेमा ओरालो यात्रा, कारोबार रकम पनि खुम्चियो




**काठमाडौं/मस-** बुधबार शेयर बजारमा गिरावट आएको छ। नेप्से परिसूचक ४०.२६ अंकले घटेर २ हजार ८ सय ८९ अंकमा झरेको छ । 'क' वर्गका कम्पनीहरुको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक पनि ७.१६ अंकले घटेर ५ सय ३८.५० अंकमा आइपुगेको छ।

नेप्सेसँगै कारोबार रकम पनि सुस्ताएको छ। ५ अर्ब ३५ करोड ८० लाख ९७ हजार रुपैयाँ बराबरको १ करोड ५ लाख ५७ हजार ८ सय ६६ कित्ता शेयर किनबेच भएको छ।

कारोबारमा आएका सबै समूहका सूचकहरु घटेका छन् । वाणिज्य बैंक, बीमा, विकास बैंक, जलविद्युत र लगानी लगायतका समूहमा आएको गिरावटले नेप्सेलाई दबाबमा पारेको देखिन्छ।

नेप्से घटेपनि यसदिन १८ वटा कम्पनीको शेयर मूल्य बढेको छ। जसमध्ये सबैभन्दा धेरै मनकामना स्मार्ट लघुवित्तका शेयरधनीले ८.२३ प्रतिशतले कमाएका छन्। सर्वाधिक गुमाउनेमा नबिल समृद्धि फण्ड फर्स्टका इकाईधनी र हिमालय उर्जा विकास कम्पनीका शेयरधनी रहेका छन् । अरुण भ्याली जलविद्युतको शेयर कारोबार सर्वाधिक २२ करोड १४ लाख ७० हजार रुपैयाँको भएको छ ।

बजार पूँजीकरण ४० खर्ब ४३ अर्ब १८ करोड ९७ लाख रुपैयाँमा झरेको छ ।

शेयर बजार घटनुको प्रमुख कारण बैंक तथा वित्तीय संस्थामा देखिएको तरलता अभाव रहेको छ। बैंकमा तरलता दबाबमा पर्दा ब्याजदर बढ्ने र केही बैंकहरुले असोज शुरु भएसँगै ब्याजदर बढाउने तयारी गरेपछि बजारमा प्रभाव परेको हो ।

त्यस्तै सरकारी खर्च रोकिनु पनि बजारमा गिरावट आउनुको अर्को कारण रहेको लगानीकर्ताले बताएका छन् । सरकारको बजेट संसदबाट पारित नभएको अवस्थामा सरकारी खर्च हुन नसक्ने र वित्तीय प्रणालीमा देखिएको तरलता अभावलाई थप दबाबमा पार्ने भएकाले लगानीकर्ता झस्किएका हुन्। फलस्वरुप विक्री चाप बढ्दा नेप्सेमा दबाब पर्नगई गिरावट आएको हो ।

# बजेट होलिडे

## कहिलेसम्म रोकिन्छ सरकारी खर्च ?

**सिबी भट्टराई/मध्यान्ह**
काठमाडौं, ३० भदौ ।

संसदबाट बजेट पारित नभएपछि सरकारी खर्च गर्ने बाटो बन्द भएको छ । अध्यादेशबाट आएको बजेट संसद चलेको अवस्थामा ६० दिनभित्र प्रतिस्थापन विधेयकमार्फत पारित गर्नुपर्ने हुन्छ । तर संसद चलेको ६० दिन पुग्दा पनि दलहरुको विवादले देश बजेट होलिडेको अवस्थामा आइपुगेको छ ।

बजेट होलिडेको अवस्थामा चालु खर्च र पूँजीगत खर्चका लागि रकम निकासा बन्द गर्नुपर्छ । यसबाट कर्मचारी, शिक्षक, सेना, प्रहरी सबैको तलब, भत्ता रोकिन्छ ।

प्रतिनिधि सभाको अर्को बैठक असोज ४ गतेका लागि बोलाइएकोले बुधबार राति १२ बजेबाट असोज ४ गतेसम्म बजेट होलिडे हुनेछ। त्यसपछि पनि विवाद भइराख्ने र बजेट परित नहुने हो भने बजेट होलिडे अनिश्चित कालका लागि हुनेछ। प्रमुख प्रतिपक्षी दलले संसद अवरोध गरिराख्ने हो भने यो स्थिति नआउन भन्न सकिन्न । अर्थमन्त्री जनार्दन शर्माले गत मंगलबार सरकारको खर्च केही दिन रोकेर भएपनि नियमित प्रक्रियाबाटै बजेट पास गर्नुपर्ने बताएका थिए। तर प्रमुख प्रतिपक्षि दलको विरोधका कारण बजेट पास गर्न सहज छैन् ।

यो अवधिमा सरकारी खर्च रोकिएपनि राजस्व संकलन, गैरकर संकलन, अनुदान, शोधभर्ना लगायतका शीर्षकमा रकम संकलन गर्न भने सक्नेछ । सरकारले राजस्व असुलिका लागि करिब ६५ वर्ष पुरानो ऐनको प्रयोग गर्नु पर्नेछ। सामयिक कर ऐन २०१२ अनुसार कर असुली गर्न सकिने व्यवस्था छ ।

अर्थविद्हरुले बजेट प्रतिस्थापन विधेयक पारित नभएर मुलुकको खर्च सञ्चालन रोकिनु गम्भीर विषय भएको बताएका छन्। काठमाडौंमा आयोजित एक साक्षात्कार कार्यक्रममा बोल्दै अर्थविदहरुले यस्तो बताएका हुन् ।

अर्थविद् चन्द्रमणी अधिकारीले दलहरुले समाधान गरेर मुलुकलाई निकास दिनुपर्ने बताए । अर्थतन्त्र बिग्रियो भने मुलुक पछि पर्ने र त्यसको संकेत स्वरुप आर्थिक सूचकहरु ओरालो लागिसकेको बताए । शोधानन्तर बचतमा नकारात्मक स्थितिमा पुगेको उनले बताए ।

नेपाल राष्ट्र बैंकका पूर्व कार्यकारी निर्देशक नरबहादुर थापाले बजेट पास नभएर आपतकालिन स्थिति आएको भन्दै केन्द्रीय बैंकले नेतृत्व लिनुपर्ने धारणा राखे। उनले अमेरिकामा बाराक ओबामाको कार्यकालमा समस्या हुँदा त्यहाँको केन्द्रीय बैंकले अर्थतन्त्र जोगाएको स्मरण गराए ।

सरकारले अघिल्लो सरकारले ल्याएको अध्यादेश बजेटको प्रतिस्थापन विधेयक प्रतिनिधि सभामा पेश गरिसकेको छ। प्रतिनिधि सभाले बजेटलाई सैद्धान्तिक स्वीकृति दिएको अवस्था भएपनि विधेयकले कानूनी मान्यता पाएको छैन् । त्यसैले संसदबाट बजेट पारित नहुँदासम्म मुलुक बजेट होलिडेमा गएको छ ।




### प्रमुख प्रतिपक्षीद्वारा विरोध

प्रमुख प्रतिपक्षी दल नेकपा (एमाले)ले बजेट पारित गर्ने विषयमा सरकार गैरजिम्मेवार बन्दै गएको बताएको छ। बुधबार एमाले महासचिव ईश्वर पोखरेलले जारी गरेको विज्ञप्तीमा बजेट पारित गर्ने विषयलाई बेवास्ता गरेर सरकारले गैरजिम्मेवार व्यवहार देखाएको उल्लेख छ ।


बजेट पारित गर्ने प्रक्रियालाई वेवास्ता गरेर प्रतिनिधि सभाको बैठक असोज ४ गते सम्मलाई सारिनुको जवाफ सरकारले दिनुपर्ने बताएको छ ।

'आफूलाई ईच्छा लागेको विजनेश स्वेच्छाचारी ढंगले अघि बढाउने सरकारले भदौ ३० भित्र बजेट पारित गरिसक्नुपर्ने विषय बिर्सेर्झैं हाउस असोज ४ गते किन सारियो र यसको जवाफ यो गैरजिम्मेवार सरकारले दिनुपर्छ' एमालेले विज्ञप्तिमार्फत भनेको छ, 'यो नभएका काम जति सबैको दोष प्रतिपक्षमाथि थोपर्न खोज्ने सुतुरमुर्ग चाल मात्र हो ।'

प्रतिस्थापन विधेयकको तयारीका नाममा सरकारले अनावश्यक समय गुजारेका कारणले नै वित्तीय संकटको परिस्थिति सिर्जना हुन पुगेको एमालेले निष्कर्ष छ ।

# विश्व बैंकसँग ५ अर्ब ८७ करोड सहुलियतपूर्ण ऋण सम्झौता

## विद्यालय र स्वास्थ्य क्षेत्रमा खर्च गरिने



**काठमाडौं/मस-** विश्व बैंकले नेपालको विद्यालय क्षेत्र सुधार र स्वास्थ्य क्षेत्रको सुदृढिकरणका लागि ५ अर्ब ८७ करोड रुपैयाँ सहुलियतपूर्ण ऋण उपलब्ध गराउने भएको छ ।

अर्थ मन्त्रालयका सचिव मधुकुमार मरासीनी र नेपाल, माल्दिभ्स र श्रीलंकाका लागि विश्व वैंकका राष्ट्रिय निर्देशक फेरिस हदाद जार्वोसले बुधबार सम्झौतापत्रमा हस्ताक्षर गरेका छन् । सरकारको प्राथमिकतामा रहेको विद्यालय क्षेत्र विकास कार्यक्रम तथा स्वास्थ्य क्षेत्रमा सार्वजनिक व्यवस्थापन सुधार कार्यक्रम कार्यान्वयनमा सघाउनका लागि विश्व वैंकले उक्त रकम सहुलियतपूर्ण ऋण स्वरुप उपलब्ध गराएको हो ।

सम्झौता कार्यक्रममा अर्थ सचिव मरासीनीले कोभिड-१९बाट प्रभावित शिक्षा तथा स्वास्थ्य प्रणालीको उत्थानशील पुनर्निर्माण गर्न आवश्यक रहेको बताए। उनले यो सहयोग मुलुकमा दक्ष, प्रभावकारी, परादर्शी र उत्तरदायी स्वास्थ्य प्रणाली निर्माण गर्न महत्वपूर्ण हुने बताए ।

विश्व बैंकका निर्देशक जार्वोसले सम्झौता कार्यन्वयनसँगै नेपालको शिक्षा र स्वास्थ्य प्रणालीलाई समावेशी एवं उत्पादनशील बनाई मानव पूँजीको विकासलाई गति दिने अपेक्षा गरिएको बताए। उनले सबैका लागि स्वास्थ्य क्षेत्रमा पहुँच, बालिबालिका र किशोरकिशोरीका लागि गुणस्तरीय नतिजा प्राप्त गर्ने शिक्षा सिकाइमा समान पहुँच सुनिश्चितताका लागि रकम सहयोग गरेको स्पष्ट पारे ।

नेपालको स्वास्थ्य क्षेत्र व्यवस्थापन सुधार कार्यक्रमका लागि उपलब्ध गराइएको थप सहायताले सार्वजनिक खरिद् वित्तीय व्यवस्थापन, सूचना व्यवस्थापन तथा अधिक उत्तरदायित्वका लागि नागरिक संलग्नताका क्षेत्रमा सुधार तुल्याउन सघाउने विश्वास गरिएको छ।

## संक्षिप्तमा अर्थ

### ग्लोबल आइएमई र त्रिविको सहकार्यमा वृक्षारोपण



**काठमाडौं/मस-** ग्लोबल आइएमई बैंक लिमिटेड र त्रिभुवन विश्वविद्यालयको सहकार्यमा विश्वविद्यालय क्याम्पस, प्राणीशास्त्र (जुलोजी) विभाग परिसरमा वृक्षारोपण कार्यक्रम सम्पन्न गरिएको छ । वृक्षारोपण कार्यक्रमको समुद्घाटन त्रिभुवन विश्वविद्यालय जुलोजी विभाग प्रमुख प्राध्यापक तेजबहादुर थापातथा ग्लोबल आइएमई बैंक, कीर्तिपुर शाखा प्रबन्धक शोभा न्यौपानेले संयुक्तरुपमा गरेका थिए ।

विश्वविद्यालय क्याम्पस, जुलोजी विभाग परिसरको हरियाली दृश्य र स्वच्छ विश्वविद्यालय परिसर निर्माणको अभियानअन्तर्गत विभागीय भवनदेखि मूल सडकसम्म करिब १०० चाँप, धुपी तथा विभिन्न प्रजातीका विरुवाहरु रोपण गरी विरुवाको सुरक्षाको लागि "ट्रि गार्ड" समेत लगाइएको छ ।

### राष्ट्रिय वाणिज्यद्वारा उद्यमशीलता विकाससम्बन्धी सम्झौता



**काठमाडौं/मस-** युवालाई उद्यमशीलताको मार्गदर्शन गराई उद्यमशीलताको विकास र वित्तीय साक्षरताको तालिम कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, राष्ट्रिय युवा परिषद् र चैनपुर नगरपालिका (संखुवासभा जिल्ला) बीच सम्झौता भएको छ। सम्झौतापत्रमा बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठ, राष्ट्रिय युवा परिषद्का कार्यकारी उपाध्यक्ष माधवप्रसाद ढुङ्गेल र चैनपुर नगरपालिका प्रमुख भरतकुमार खत्रीले हस्ताक्षर गरेका छन् ।

सम्झौता पछि राष्ट्रिय युवा परिषद्ले नगरपालिकाभरिका १६ देखि ४० वर्षसम्मका १०० जना युवाहरुलाई उद्यमशीलता विकासको लागि उद्यमशीलता विकास र वित्तीय साक्षरता सम्बन्धी सात दिने तालिम कार्यक्रम सञ्चालन गर्नेछ। साथै, तालिम प्राप्त उद्यमीहरुलाई आवश्यकताअनुसार बैंकले नियमानुसार सहुलियपूर्ण कर्जा लगानी गर्ने छ ।

के तपाईंको कम्प्युटर, प्रिन्टर, फोटोकपी आदी बिग्रीएकोछ ?
यदी छ भने हामीलाई सम्झनुहोस ।
हाम्रासेवा तथा सुविधाहरु
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदी खरीद, बिक्रि तथा मर्मत,
- टोनर कार्टेज रिफिल,
- CCTV, EPABX बिक्रि तथा मर्मत,
- अफिसका लागि चाहिने फर्निचरसहित सम्पूर्ण सामानहरु,
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदीको वार्षिक सर्भिस ।
नुम्स कम्प्युटर्स प्रा.लि.
मो.: ९८४१५६५७९४, ९८०८४७५००२, ९८४१५६५७९५

मध्यान्ह
राष्ट्रिय दैनिक
- ग्राहक बन्न परेमा
- पत्रिका नआएमा
- ठेगाना परिवर्तन भएमा
- पत्रिका वितरण सम्बन्धि कुनै पनि गुनासो भएमा ।
सम्पर्क
बागबजार, काठमाडौं
फोन नं.: 01-4228298 | मो. नं.: 9851149919

प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः बागबजार, काठमाडौं, फोनः ४२२६३६६, ४२२८२९८ ई-मेलः madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन) मुद्रकः रोशन अफसेट प्रेस, भक्तपुर, सम्पादकः **मदनकुमार श्रेष्ठ**